म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २२ बिहीबार, ५ भदौ २०८२ ने. सं. ११४५ गुँल्लागा 21 August 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**औषधि प्रयोग गर्दा ध्यान दिऔं**

- मान्यताप्राप्त स्वास्थ्यकर्मीको सिफारिसबाट मात्र औषधि प्रयोग गरौं,
- औषधिको प्रयोग सम्बन्धमा पूर्ण जानकारी लिऔं,
- गर्भवती भएमा सो बारेमा स्वास्थ्यकर्मीसँग सल्लाह गरेर औषधि प्रयोग गरौं,
- औषधि बालबच्चाको पहुँचबाट टाढा राखौं,
- औषधि प्रयोग गर्दा जिउ चिलाएमा, छालामा डाबरहरु आएमा, स्वास फेर्न गाह्रो भएमा वा यस्तै अन्य लक्षण देखा परेमा तत्काल नजिकैको स्वास्थ्य संस्था वा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## चट्याङबाट मृत्यु भएका परिवारलाई बागमती सरकारको एक लाख आर्थिक सहायता

### ५ लाख राहत दिन बर्तौलाको माग

साझाकुरा संवाददाता

हेटौंडा, ४ भदौ/ बागमती प्रदेश सरकारले चट्याङ लागेर मृत्यु भएका परिवारलाई एक लाख रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने भएको छ ।

मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले मंगलबार चट्याङ लागेर मृत्यु भएका परिवारलाई एक लाख रुपैयाँ उपलब्ध गराउने निर्णय गर्न निर्देशन दिइएको जानकारी दिएका छन् । मुख्यमन्त्री बानियाँका अनुसार मंगलबार चट्याङ लागेर मृत्यु भएका मनहरी गाउँपालिका-६, दैलीडाँडाका विशाल ब्लोनको परिवारलाई एक लाख रुपैयाँ आर्थिक सहयोग उपलब्ध गराउने भएको छ । प्रदेश विपद् कोषबाट रकम उपलब्ध गराउने गरी निर्णय प्रक्रिया अघि बढाउन मुख्यमन्त्री बानियाँले निर्देशन दिएका छन् ।




प्रदेशका प्रमुखसचिव भुपाल बराललाई चट्याङ लागेर मृत्यु भएका ब्लोनको परिवारलाई रकम उपलब्ध गराउन प्रक्रिया पूरा गर्न मुख्यमन्त्री बानियाँले निर्देशन दिएका हुन् । मुख्यमन्त्री बानियाँले यो घटनामा घाइते भएकाहरुको सहज उपचारको लागि स्थानीय तहको समन्वय गरेर आवश्यक व्यवस्था मिलाउन पनि निर्देशन दिएको बताए । 'विपद्बाट आहत भएका नागरिकको साथमा प्रदेश सरकार सदैव रहन्छ । सोहीअनुसार मंगलबार चट्याङ लागेर मृत्यु भएका परिवारलाई एक लाख रुपैयाँ उपलब्ध गराउन निर्देशन दिइएको हो' उनले भने, 'यो घटनामा घाइते भएकाहरुको उपचार भइरहेको छ । गाउँपालिकाले निःशुल्क उपचारको प्रबन्ध गरेको छ । यदि गाउँपालिकालाई खर्च व्यहोर्न समस्या देखियो भने प्रदेश सरकारले व्यवस्थापनको काम गर्ने गरी प्रक्रिया मिलाउन निर्देशन दिएको छु ।'

मुख्यमन्त्री बानियाँको निर्देशनअनुसार मुख्यसचिव बरालले आन्तरिक मामिला तथा कानुन मन्त्रालयका विपद् महाशाखाप्रमुख सुरेश खनाललाई आवश्यक कानुनी व्यवस्थाअनुसार प्रक्रिया पूरा गर्न र विपद् व्यवस्थापन परिषद् तथा विपद् व्यवस्थापन कार्यकारी परिषद्को बैठक आह्वान गर्ने एजेण्डा तयार गर्न निर्देशन गरेका छन् । मंगलबार मात्र मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले चट्याङ लागेर घाइते २ वर्षीया सारा घलानको परिवारका लागि व्यक्तिगत रुपमा नगद १० हजार रुपैयाँ सहायता उपलब्ध गराएका छन् । सहयोग खाजा, खानालगायत आवश्यक व्यवस्थाका लागि प्रदान गरिएको कालाखेतीले बताए । अध्यक्ष कालाखेतीले घटनास्थल पुगेर मृतकप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गरेका छन् । चट्याङबाट घाइते सबैको निःशुल्क उपचार गरिने घोषणा गरेका छन् ।

**मृतक परिवारलाई ५ लाख राहत दिन बर्तौलाको माग**

नेकपा एमालेका मुख्य सचेतक महेश बर्तौलाले प्राकृतिक विपत्तीबाट मृत्यु भएकाहरुलाई दिने राहतको रकमलाई वृद्धि गर्नुपर्ने बताएका छन् । बुधबारको प्रतिनिधि सभा बैठकको आकस्मिक समयमा मुख्यसचेतक बर्तौलाले मृतकको परिवारलाई संघीय सरकारले दिँदै आएको २ लाखलाई वृद्धि गरेर ५ लाख रुपैंयासम्म राहत दिनुपर्ने धारणा राखे ।

मकवानपुर क्षेत्र नं. २ का सांसद् समेत रहेका बर्तौलाले राहत दिने प्रक्रियामा प्रदेश सरकार र स्थानीय तहलाई जोड्न सक्दा मृतकको परिवारको भावी जीवनमा सहजता हुने बताए । चट्याङ जस्ता प्रकोपको पूर्वानुमान तथा रोकथाम, नियन्त्रणको लागि सरकारले पनि पहल गर्नुपर्ने उनले बताए । मंगलबार दिउँसो ४ बजेर २० मिनेटको समयमा चट्याङ लागेर मनहरी-६, दैलीडाँडाका ४२ वर्षीय विशाल ब्लोनको घटनास्थलमै मृत्यु भएको थियो । घटनामा अन्य ७ जना घाइते भएका थिए ।

घाइते हुनेमा १२ वर्षीया वर्षा घलान, १२ वर्षीय सुजन घलान, १६ वर्षीय सन्तोष घलान, ३८ वर्षीया शान्ति तितुङ, ३४ वर्षीय प्रेमबहादुर घलान, ३७ वर्षीय राजकुमार घलान, ४७ वर्षीय पानबहादुर मोक्तान रहेका छन् । उनीहरुको उपचार कार्य जारी रहेको छ । मकवानपुरमा सन् २००० देखि २०२४ सम्ममा चट्याङबाट १ सय १६ घटना भएका छन् । घटनामा ३६ जनाको ज्यान गएको छ भने ३ सय ८१ जना घाइते भएका छन् । चट्याङबाट बितेको २४ वर्षमा १ सय ७९ घर परिवार प्रभावित भएको छ । ५ घर पूर्णरुपमा क्षति भएको छ भने ३१ चौपायाको मृत्यु भएको छ । यो बीचमा २१ लाख ५९ हजार रुपैयाँ बराबरको आर्थिक क्षति व्यहोर्नु परेको छ ।

### आफू निर्वाचित क्षेत्र मनहरीमा पुगे मुख्यमन्त्री बानियाँ

## जनमतको सम्मान गर्ने अठोट

साझाकुरा संवाददाता



हेटौंडा, ४ भदौ/ बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्र बहादुर बानियाँले जनताको भोटको सम्मान गर्दै जनमुखी काम गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् ।

प्रदेश मुख्यमन्त्री नियुक्त भएपछि पहिलोपटक आफू निर्वाचितक्षेत्रमा आयोजित औपचारिक कार्यक्रममा सहभागी मुख्यमन्त्री बानियाँले गरिबमुखी, जनमुखी, आयमुखी र न्यायमुखी काम गरी प्रदेशको समग्र विकासमा काम गर्ने अठोट गरेका हुन् । मुख्यमन्त्रीको निर्वाचन क्षेत्र मकवानपुर क्षेत्र नम्बर २ (ख) स्थित मनहरी गाउँपालिकाले बुधबार आयोजना गरेको मुख्यमन्त्रीको स्वागत तथा तीज विशेष सांस्कृतिक कार्यक्रममा बानियाँले आफ्नो निर्वाचन क्षेत्रका जनताको भावना र मर्मलाई मध्येनजर गर्दै निष्पक्ष ढंगबाट जिम्मेवारी पूरा गर्ने बताए ।

'मलाई प्रदेशसभा सदस्य निर्वाचित गराउन मनहरीका जनताले पनि ठुलो योगदान गरेका छन् । यस भेगका जनताले विश्वास गरेर जिताएकै कारण म मुख्यमन्त्री बन्न सकेँ अब यस भेगका सबै जनताको आवश्यकतालाई मध्यनजर गरी यो वा त्यो पार्टी नभनी विकास गर्नु मेरो कर्तव्य हो' मुख्यमन्त्री बानियाँले भने । मनहरी गाउँपालिकाको लामिटार चकरीमकरी सडकलाई विशेष प्राथमिकता दिई कालोपत्रे गर्नुका साथै अन्य पुल तथा सडक र अन्य पूर्वाधार विकासमा पनि आफूले ध्यान दिने उनले विश्वास दिलाए । महिलाको महान पर्व हरितालिका तीजलाई सभ्य, भव्य र सुसंस्कृत ढंगले मनाउन पनि उनले सुझाव दिए ।

गाउँपालिका उपाध्यक्ष सीता पुलामीमगरको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङ, खानेपानी उर्जा तथा सिञ्चाई मन्त्री कृष्णकुमार तामाङलगायतको आतिथ्यता रहेको थियो । कार्यक्रमका बीच मनहरी गाउँपालिकाले आफ्नो क्षेत्रबाट निर्वाचित सांसद बानियाँ मुख्यमन्त्रीमा नियुक्त भएकोमा खुशी व्यक्त गर्दै बधाई ज्ञापनसहित सम्मानपत्र प्रदान गरेको थियो ।

कार्यक्रममा गाउँपालिका अध्यक्ष रञ्जन कालाखेती, मकवानपुर की प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठ, नेपाली काँग्रेसकी प्रतिनिधि कमला मैनालीलगायतले मन्तव्य व्यक्त गरेका थिए । मुख्यमन्त्री बानियाँले बुधबार नै मनहरीस्थित आफ्नो निर्वाचन क्षेत्रमा रहेको सम्पर्क कार्यालयमा पुगी आम नागरिकका समस्या र गुनासा सुनेका थिए ।




## साना किसान कृषि सहकारीको तीज गीत प्रतियोगिता



साझाकुरा संवाददाता

हेटौंडा, ४ भदौ/हेटौंडा उपमहानगरपालिका-१८ हर्नामाडी स्थित सानाकिसान कृषि सहकारी संस्था लिमिटेडले हरितालिका तीजको अवसरमा बुधबार शुभमकाना आदानप्रदान, सहकारीशिक्षा एवम् तीजगीत प्रतियोगिता सम्पन्न गरेको छ ।

जिल्ला समन्वय समिति मकवानपुरकी सदस्य विष्णुमाया थपलियाको प्रमुख आतिथ्यतामा सहकारीले कार्यक्रम गरेको हो । कार्यक्रममा बोल्दै प्रमुखअतिथि थपलियाले तीजपर्वलाई भड्किलो नबाउन सबैलाई आग्रह गरिन् । तीजपर्वका समय खानपानमा हुने समस्याले स्वास्थ्यमा असर गर्ने भन्दै उनले त्यसतर्फ ध्यान दिन सहभागी महिलालाई सुझाब दिइन् । यहाँको कृषिक्षेत्र फस्टाउँदै गइरहेको भन्दै थपलियाले किसानलाई आधुनिक कृषिसम्बन्धी तालिमको खाँचो रहेको बताइन् ।

कार्यक्रमका विशिष्ट अतिथि एवम् हेटौंडा-१८ का वडाअध्यक्ष अनिल बानियाँले यस वर्षबाट बागमती प्रदेश सरकारको पहलमा यसै सहकारी मार्फत् २० जना कृषकलाई भैंसी अनुदान तथा लीची प्रवर्द्धन कार्यक्रममा सहभागी गराइने बताए ।

वडामा कृषिसम्बन्धी अनुदानहरु यसै सहकारीमार्फत् हुने भएकाले पनि हर्नामाडीका सबै घर परिवार सहकारीको शेयर सदस्य हुनबाट बञ्चित नहुन उनले आग्रह गरे । कार्यक्रममा तीजगीत प्रतियोगिता गरिएको थियो । प्रतियोगितामा तुलसा घिमिरेको टीम प्रथम, मीना उपरकोटीको टीम द्वितीय, विष्णु न्यौपानेको टीम तृतीय, राममाया नेपाल र विष्णु घिमिरेको टीम सान्त्वना भएका थिए ।

प्रथम हुने टीमले नगद ३ हजार, दोस्रो हुने टीमले २ हजार ५ सय, तेस्रो हुने टीमले २ हजार र सान्त्वना हुने टीमले १ हजार ५ सय रुपैयाँ प्राप्त गरेका छन् । तीजगीत प्रतियोगिताको लागि निर्णायक मण्डलमा राष्ट्रिय लोक तथा दोहोरी प्रतिष्ठान बागमती प्रदेश सदस्य रामप्रसाद पौडेल तथा साधुराम राउत र राष्ट्रिय लोक तथा दोहोरी प्रतिष्ठान मकवानपुरका प्रवक्ता कुमार महत रहेका थिए । प्रतियोगितामा ७ वटा समूहले भाग लिएका थिए ।

सहकारीका उपाध्यक्ष लक्ष्मीकुमारी श्रेष्ठ, वंशगोपाल बचत तथा ऋण सहकारी संस्थाका प्रतिनिधि मानबहादुर थापा, हर्नामाडी स्वास्थ्य चौकी प्रमुख पार्वती पौडेल, कालिका दुग्ध उत्पादक कृषि सहकारी संस्थाका अध्यक्ष सुष्मा तिमल्सिना भण्डारी, रामधुनी कालिलेक सामुदायिक वन उपभोक्ता समूहका सचिव विनिता सुनार लगायतले मन्तव्य राखेका थिए । वि.सं. २०६७ सालमा स्थापना भएको सहकारीमा हाल ११ सयभन्दा बढी शेयर सदस्य आवद्ध रहेका छन् ।

बार्षिक २३ करोड रुपैयाँको कारोबार रहेको छ । सहकारीका अध्यक्ष रेखा खतिवडाको अध्यक्षतामा भएको कार्यक्रममा ज्योति सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष रामबाबु खतिवडा, संस्थाका सल्लाहकार चन्द्रकला ढुंगाना, विश्वनाथ ढुंगाना, लेखा संयोजक निर्मला न्यौपाने, सहकारीका व्यवस्थापक माधवप्रसाद पुडासैनी, विभिन्न संघसंस्थाका प्रतिनिधिलगायत शेयरसदस्य महिलाको उपस्थिति रहेको थियो ।

## दुर्घटनामा घाइते महिलाको उपचारको क्रममा मृत्यु

हेटौंडा, ४ भदौ/ पूर्वपश्चिम सडक खण्डअन्तर्गत मकवानपुरको मनहरी गाउँपालिका-९ ज्यामिरेमा मोटरसाइकलको ठक्करबाट घाइते भएकी एक महिलाको उपचारको क्रममा मृत्यु भएको छ ।

मनहरी गाउँपालिका-९ ज्यामिरेस्थित जंगलेश्वर मन्दिर अगाडि मनहरीबाट हेटौंडा बजार तर्फ आउँदै गरेको प्र.३-०२-००६ प १९८० नं. को मोटरसाइक्लले सडक क्रस गर्दै गरेको अवस्थामा ठक्कर दिँदा घाइते भएकी परमज्योतिदेवी चौधरीको उपचारको क्रममा मंगलबार मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

पैदलयात्री रौतहट गढीमाई नगरपालिका-४ बस्ने वर्ष ४५ की चौधरी आइतबार मोटरसाइकलको ठक्करबाट घाइते भएपछि पुरानो मेडिकल कलेज भरतपुर चितवनमा उपचारको क्रममा मृत्य भएको हो । यसैगरी, पूर्वपश्चिम राजमार्गको मनहरी गाउँपालिका-६ सुनादेवी मन्दिर सडक खण्डमा हेटौंडाबाट चितवनतर्फ जाँदै गरेको ना ३ ख ४८७४ नं.को डिब्बा ट्रक र चितवनबाट हेटौंडातर्फ आउँदै गरेको ना २६ प ४८३१ नं. मोटरसाइकल मंगलबार साँझ एक आपसमा ठक्कर खाई दुर्घटना हुँदा मोटरसाइकल चालक मनहरी-८ सिमपानीका ३७ वर्षीय ईश्वर सुबेदी घाइते भएका थिए ।

सुबेदीको उपचारका लागि एलाइभ अस्पताल भरतपुर चितवन पठाइएको छ । प्रदेश प्रहरी कार्यालयका अनुसार मोटरसाइकल, ट्रक र ट्रक चालक चितवन खैरहनी नगर पालिका-८ का ५२ वर्षीय विष्णु आलेमगर इलाका प्रहरी कार्यालय मनहरीको नियन्त्रणमा रहेका छन् ।

## हाम्रो कुरा

# ड्रागन फ्रुट खेती

मकवानपुरका किसान पछिल्लो समय ड्रागन फ्रुट (सिउँडीफल) को व्यावसायिक खेतीतर्फ आकर्षित हुँदै गएका छन् । उत्पादन क्षमता, राम्रो आम्दानी र बजारमा बढ्दो मागले गर्दा कृषक यो खेतीतर्फ उन्मुख भएका हुन् । नेपाली जनजिब्रोले स्वीकार गरेको वा स्थानीय भाषामा सिउँडी फल भनिने ड्रागनको स्तम्भ (बोट) कमजोर भएकोले सपोर्टको आवश्यकता पर्दछ । मकवानपुरको हटिया, हर्नामाडी, गढी, हाँडीखोला, बसामाडीमा ड्रागन खेती भएको पाइन्छ । करिव ७ वर्ष अघि मकवानपुरमा पहिलोपटक मनहरीका रामचन्द्र उप्रेती, हरिशरण अर्यालको समूहले ड्रागन फ्रुट्सको खेती सुरुवात गरेका थिए । हिजोआज प्राय घरका कौसीमा ड्रागनको बोट देख्न पाइन्छ । यस्को लहरा ड्रागनको जिब्रो जस्तो देखिएकोले यसलाई ड्रागन फल भनिएको हो । यस्को फल यसो हेर्दा प्याजको गानो जस्तो एक दुई पत्र भएको वोक्रा भित्रको गुदि वास्नादार रातो, सेतो, वैजनी तथा पहेलो गुदि हुन्छ । यस्को फलको स्वाद गुलियो तथा अमिलोपनाको मिश्रण भएको पाइन्छ । स्वादका पारखिहरुले सिउडी (ड्रागन) फललाई भगवानले दिएको उपहार भन्ने गरेका छन् । फलको तौल २०० ग्रामदेखि १ केजीसम्मको हुन्छ ।

यस्को खेती खासगरी थाईल्याण्ड, चाईना, भियतनाम, इन्डोनेसिया, ताईवान, जापान, कोरिया तथा दक्षिण अमेरिकी मुलुक (कोलम्विया, मेक्सिको, ब्राजिल, अर्जेटिना) आदिमा गर्ने गरेको पाइन्छ । यस्को फूल रातमा फक्रने भएकोले यसलाई रातकी रानी पनि भनिन्छ । यस्को विरुवा एकपटक लगाएपछि १५-२० वर्षसम्म उत्पादन लिन सकिन्छ । मध्य तथा दक्षिण अमेरिकाको आद्रतायुक्त उष्णप्रदेशीय क्षत्र यस्को उद्गम स्थल मानिन्छ । जापानको ओकिनावा क्षेत्रमा कृषकले ग्रिनहाउस भित्र र खुला रुपमा यस्को खेती व्यापक गरेका छन् । त्यस क्षेत्रमा सन् १९८० को दशकवाट यसको खेती गरिदै आएको पाइन्छ । त्यहाँको किसानको लागि यो राम्रो आम्दानीको श्रोत मानिन्छ । उचाई, तापक्रम, माटो तथा हावापानीको आधारमा हेर्दा नेपालको पूर्वि तथा मध्यतराइ क्षेत्रमा यसको खेतीको प्रचुर सम्भावना देखिन्छ । नेपालको तराई क्षेत्रमा सिउडी प्रजातिको विरुवा हुर्के बढेको हामीले देखेका छौं । सर्वगुण भएर नै यसलाई ईशवरीय फल मानिएको हो । यसको सेवनले शरीरमा क्यान्सर प्रतिरोधि शक्तिको विकास गर्न मदत गर्दछ । यस्को नियमित सेवनले शरीरमा रहेको विशाक्त तत्वलाई हटाउछ । रगतमा भएको उच्च कोलेस्टोरल घटाउनुको साथै उच्चरक्तचापलाई घटाउन मदत गर्दछ । दम तथा कफका रोगीलाई फाइदाजनक मानिन्छ । भिटामिन सी प्रशस्त मात्रामा पाउने हुँदा अनुहारको छाला सुन्दर बनाउनुको साथै चोटपटक लागेर काटेको तन्तुलाई छिटो बढन् मदत गर्ने बिज्ञहरुले बताएका छन् । रोग प्रतिरोधि शक्ति बढाउन पनि सहयोग गर्दछ । यसको फलमा भिटामिन 'वि वान', 'वि टु', 'वि थ्रि' पाउनुको साथै वहुभिटामिनको श्रोत मानिन्छ । भोक जगाउन सहयोग गर्दछ ।

यस्को सेवनले आँखाको तेज बढ्नुको साथै शरीरलाई तनावमुक्त बनाउछ । यस्मा प्रशस्त मात्रामा क्याल्सियम, फोसफोरस पाइन्छ । यस्को नियमित सेवनले शरीरको हड्डी तथा दाँत बलियो बनाउनुको साथै तन्तुहरुको विकासमा मदत गर्दछ । यसलाई फलको रुपमा, तरकारीको रुपमा, फूलको रुपमा, स्वास्थ्यवर्द्धक, औषधिजन्य तथा पैसाले किन्न नसकिने सम्पदाको रुपमा लिइन्छ । पदमपोखरीका कृषक फेन्चु लामाले १ बिघा क्षेत्रफलमा ड्रागन फ्रुट खेती गर्दै आएको समाचार प्रकाशन भएको छ । ड्रागन फ्रुटको मुख्य सिजन वैशाखदेखि कात्तिकसम्म रहने भएपनि वर्षभर नै उत्पादन सम्भव हुने भएकाले बजार सधैंजसो कायम रहने बताइन्छ । यो खेतीबाट उत्पादन हुने फल साइजअनुसार फरक मूल्यमा विक्री हुँदै आएको छ । ठूलो साइजको प्रतिकिलो ३ सय ५० रुपैयाँ र सानो साइजको ३ सय रुपैयाँमा विक्री हुने गरेको छ । एउटा बिरुवाबाट वार्षिक औषत २० किलोसम्म फल फल्छ । ड्रागन फ्रुट खेतीमा चुनौती पनि छन् । बढी वर्षा भएमा फंगल डिजिज (ढुसी रोग) देखिने, कमिला लाग्ने र बिरुवा कुहिने समस्या देखिने भएकाले विशेष सावधानी आवश्यक हुन्छ । हाल मकवानपुरमा सय भन्दा बढी कृषक ड्रागन फ्रुट खेतीमा संलग्न छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ भदौ ६ गते शुक्रबार २२ अगष्ट २०२५ । चतुर्दशी, भाद्र कृष्णपक्ष । गुँल्लागा ११४५ ने.सं. । सूर्योदय ५:३८, सूर्यास्त ६:३३।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : परीक्षामा सफलता मिल्नेछ | **तुला** | : धर्मकर्ममा मन जानेछ |
| **वृष** | : पढाइमा रुचि बढ्नेछ | **वृश्चिक** | : नयाँ मित्रसँग भेटघाट हुनेछ |
| **मिथुन** | : रिसलाई नियन्त्रण गर्नुपर्नेछ | **धनु** | : अधुरो काम बन्ने सम्भावना छ |
| **कर्कट** | : शुभ समाचार मिल्नेछ | **मकर** | : मित्रहरुबाट सहयोग हुनेछ |
| **सिंह** | : भाग्योदयको योग छ | **कुम्भ** | : आफन्तबाट विरोध हुनेछ |
| **कन्या** | : सहयोगी हातहरु बढ्नेछ | **मीन** | : पेसाबाट घाटा देखिन्छ |

# अपूर्ण भूमिसुधारको अर्थपूर्ण गाथा



✍ कृष्णप्रसाद पौडेल

नेपालमा परम्परागत सामन्ती भू-स्वामित्व र यसैमा आधारित श्रम व्यवस्थाभित्र पेशागत श्रमिकको भूमिकामा रहेका धेरै समुदायका मानिस संरचनागत भेदभावका कारण भूमिहीन छन् । खासगरी, बाली प्रथाभित्र रहेका दलित समुदाय ऐतिहासिक रूपमै भूमिहीन छन् । अन्य धेरै प्राकृतिक प्रकोप (बाढी, पहिरो), बेरोजगारी, आर्थिक विपन्नता, विस्थापन तथा चरम आर्थिक शोषणका कारण बेदखल हुन पुगेका सबै सुकुमवासीको दर्जामा पर्दछन् । सरकारी तथ्यांकले नै अव्यवस्थित बसोबास गरिरहेका घर परिवारको संख्या ९ लाखभन्दा बढी भएको दाबी गरेको छ । जीविकोपार्जनको बन्दोबस्त मिलाउनुपर्ने राज्यको दायित्वबोध नहुँदा यिनको संख्या निरन्तर बढ्ने क्रम जारी छ ।

विडम्बना, यो कुरा सम्बोधन गर्न हरेक सरकारपिच्छे नयाँ आयोग गठन र पुरानो खारेज हुने नियति दोहोरिरहेको छ । पछिल्लो समयमा फेरि भूमि समस्या समाधान आयोग गठन भएको छ, जसले भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीको लगत संकलन गर्ने कामलाई अघि बढाएको छ । तर, यसको काम पनि धेरै ठाउँमा ढिलो भइरहेको छ र राजनीतिक दाउपेच, स्वार्थ समूहको चाख र सुकुमवासीको आवरणमा भित्रिएका दलालको चलखेल जस्ता ठूला चुनौतीको सामना गरिरहेको छ । यो अहिलेका राजनीतिक पार्टीकै निहित स्वार्थले उब्जाएका चुनौती हुन् ।

बोलीचालीमा नेपालमा असमान जमिन वितरण समस्याको सुरुआत राणाकालदेखि नै भएको भन्ने भाष्य बनाइएको छ । तर यो समस्या राणाकालको अन्त्यसँगै उजागर भए पनि यो औद्योगिक विकासको बाटो पछ्याएको नेपाली समाजले परम्परागत पेशा गुमाउन पुगेका समुदायलाई फेरिएको राज्य व्यवस्थामा काम र यसको बदला दाम दिन नसकेर जग्गा दिने राणाकालीन सोचसँगै बल्झिन पुगेको हो । यसले जग्गाको वितरण थप असमान बन्दै गयो । पञ्चायतकालमा शुरु भएको भूमिसुधारले यसको सम्बोधन गर्ने अपेक्षा गरिए पनि सात दशकदेखि यो समस्या जस्ताको तस्तै छ । सामन्ती भूस्वामित्वको चौघेराबाट उम्कन हाम्रा किसानी पुर्खाले गरेको लामो संघर्षको गाथा छ । जमिन जोतेर सामन्ती समाज पाल्ने उद्यमी किसानले यसमाथिको आफ्नो हक पाउन गरेका आन्दोलनले देखाएको बाटो पछ्याउँदै तत्कालीन शासकहरूले बेला-बेला हस्तक्षेप समेत गरेका छन् ।

नेपालमा सुकुमवासी समस्या समाधान गर्न २०१३ सालदेखि नै विभिन्न समयमा आयोग र समितिहरू गठन हुँदै आएका छन् । बहुदल आएपछि मात्रै १४ वटाभन्दा बढी आयोगहरू बनिसकेका छन् । यी आयोगहरूको मुख्य काम भूमिहीन, दलित र अव्यवस्थित बसोबासीहरूको लगत संकलन गर्ने, जग्गाको पहिचान र उनीहरूलाई जग्गाधनी पुर्जा वितरण गर्ने रहेको छ । तर आयोगहरूले सार्थक काम गर्न सकिरहेका छैनन् । यसको प्रमुख कारण आयोगहरूलाई राजनीतिक स्वार्थको साधन बनाइनु हो । आयोग कार्यकर्ता भर्ती गर्ने निहित स्वार्थबाट प्रेरित छ । सात दशकअघि राजा महेन्द्र र नेता बीपी कोइरालाले देखेको भूमिसुधारको सपना र यसका लागि अघि सारेको योजना यसको उदाहरण हो । राजनैतिक पौंठेजोरीको फन्दामा परेको अहिलेको सुकुमवासी र अव्यवस्थित बसोबासी समस्याको जग समेत यही हो ।

भू-सामन्त व्यवस्थाका नाइकेको कमजोरीको जग भत्काएर स्थापित भएको राणाकालमा सत्ता चलाउन सहयोग गरेबापत दिइएको जागिर बिर्ता, सत्तासीनका पापमोचनका लागि गरिएका अनुष्ठानका नाममा रहेका जमिन, आदिवासी समुदायका संस्कृति र परम्परा जोगाउन सामूहिक रूपमा उपयोग गरिएका जमिनको लगत राख्न भएको जग्गा नापजाँच र वितरणदेखि शुरु भएको भूमिसुधारको यात्रा जग्गाको हदबन्दी र मोही अधिकार सम्बन्धी कानून र योजना बनाउने कामकै वरिपरि अहिलेसम्म गोलचक्कर लगाइरहेको छ । भूमिसुधार यस्तो गोलचक्कर मा पर्नुमा राजनीतिक नेतृत्वको दुराचार जिम्मेवार देखिन्छ । हुनत यसलाई मलजल गर्ने बाह्य विकासको सोच र यसैले भित्र्याएको सम्पत्ति जगेर्ना गर्न जमिन हडप्ने लोभ सँगसँगै हुर्केको छ ।

भूमिसुधारले वामे सर्न नपाउँदै पञ्चायती शासन जोगाउन योगदान गर्ने भूमिपतिलाई पुरस्कृत गर्न ल्याइएको हदबन्दी र जमिन जोत्ने किसानको हकलाई गोलमटोल बनाउँदै शुरु भएको यो यात्रा बहुदलसँगै यसैमा चलखेल गरेर सत्तासीन हुने रैती जमातको नजरमा पऱ्यो । विगत ३५ वर्षदेखि यो नै भूमिसुधारको गन्तव्यहीन यात्राको कारण बनेको छ । यो कुराको भेद पाउन सुकुमवासीको आवरणमा भूमिहीन र साना किसानलाई दिग्भ्रमित बनाउँदै सत्ताको सिंहासनमा पुगेको अहिलेको सरकार चलाउने पार्टीहरूको पृष्ठभूमि मात्र केलाए धेरै कुरा छर्लङ्ग हुन्छ । दोस्रो जनआन्दोलनपछि मूलधारका पार्टीहरूले भूमिहीनको जमिनमाथिको हकको भावनात्मक आग्रहमाथि खेलबाड गर्दै आफ्नो राजनैतिक भविष्यको सपना बुनेको देखिन्छ । सामन्ती व्यवस्थामा रहेका पेशागत समूहले पूँजीवादी रूपान्तरणसँगै गुमाएको जीविकोपार्जनको आधार र समाज व्यवस्थाले सीमान्तकृत बनाएका समुदायको जिउने आधारको खोजी गर्ने पीडितलाई जमिनको ललिपप देखाएर भोट मात्र तान्ने निहित स्वार्थमा रुमलिएर यो थप बल्झिएको हो । अहिलेसम्म ऐंजेरु झैं झाँगिएको र उकुच बनेर बल्झिएको सुकुमवासी र अव्यवस्थित बसोबासीको घाउ यसैको परिणाम हो ।

शुरुदेखि नै बिखरिएको सुकुमवासी समस्या समाधानको दिशाबोध अहिले दिशाहीन मात्र भएको छैन यो रैती नेताको कोपभाजन भएको छ । बर्बर सामन्तकालीन भू-व्यवस्था र यसबाट गरिएको किसानको चरम उत्पीडन बिर्साउने गरी भूमि र भूमिहीन किसानमाथि राजनैतिक दुराचार भइरहेको छ । विडम्बना, यिनै श्रमिक किसान परिवारको अथक् परिश्रमको पसिनाबाट हुर्केको पुस्ता नै यस्ता दुराचारीका नाइके भएका छन् । यो सुकुमवासी कारखानाको इतिहासको रचनाकार यी मात्र भने होइनन् । सामन्तको शिर र मजदुरको पाउ मालिस गरेको विरासत बनाएका सबै क्रान्तिकारी यही कित्तामा पर्छन् । सुधारिएको पञ्चायत जोगाउन पहेंलोमा भोट हाल्नेदेखि बहुलवादी समाज निर्माण गर्न थापिएको नीलो बाकसमा भोट हाल्न रोक्ने बहिष्कारको नाटक समेतको रंगमञ्च यही हो । यिनीहरू सत्ता संघर्षको दाउपेचमा परेको भूमि स्वार्थ समूहको रणभूमि समेत हो ।

पुरानो तथ्यांक अनुसार विभिन्न आयोगले पहिले नै १ लाख ५० हजार भन्दा बढी घरधुरीलाई जग्गाधनी प्रमाणपुर्जा वितरण गरिसकेको भनिएको छ । राष्ट्रिय भूमि आयोगको हालको तथ्यांक अनुसार, करिब १३ लाख ५० हजार घरधुरीले जग्गाधनी प्रमाणपुर्जाका लागि निवेदन दिएका छन् । यो आयोगले ११ लाख परिवारलाई लालपुर्जा दिने योजना बनाएको छ र काम पनि अगाडि बढाएको छ । हालसम्म कतिलाई वितरण गरियो भन्ने पूर्ण र पछिल्लो तथ्यांक सार्वजनिक भइसकेको छैन, तर केही ठाउँमा यसले काम गरिरहेको छ ।

यही परिवेशमा अहिले फेरि अध्यादेश र यो असफल भएपछि भूमि विधेयकको मस्यौदा बनाउने काम भइरहेको छ । आफ्ना स्वार्थ र यसमाथि गरिएका आशंकासँगै बनिरहेको मस्यौदामा भूमिको दीर्घकालीन समाधानको कुनै प्रस्ताव छैन । यो एक हिसाबले अन्त्यहीन बनेको गोलचक्करको निरन्तरता मात्र हो । समयसँगै आएको फेरबदलले अहिलेका हाम्रा प्रयत्न आजका जल्दाबल्दा समस्या समाधान गर्न पर्याप्त छैनन् । निजी सम्पत्ति बनाउने होडले थलिएको भूमिसुधार दलालको फन्दामा परेर बद्नाम भएको छ भने भू-उपयोगको कार्यान्वयन यही दलाल मनोवृत्तिमा भासिएर अर्थहीन भएको छ । कतिसम्म भने दुईतिहाइ किसान रहेको देशले कृषि जमिन जोगाउने कुराको दिशाबोधसम्म गर्नसकेको छैन ।

यसरी भूमिसुधारले राजनीतिक कित्ताकाट, स्वार्थ समूहको चाख र सुकुमवासीको आवरणमा भित्रिएका हुकुमवासीको चलखेल जस्ता ठूला चुनौतीको सामना गरिरहेको छ । यो अहिलेका राजनीतिक पार्टीकै निहित स्वार्थले उब्जाएका चुनौती हुन् । यिनैको अगुवाइमा यी चुनौतीको सामना गर्ने कुरा फगत एउटा नाटक मात्र हो । तर यो नाटकको रंगमञ्चका कलाकार फेरिने छाँट कतै देखिँदैन । ६ दशक अघि शुरु भएको भूमिसुधार यसमा भएको राजनीतिक दुराचारले विक्षिप्त भएको छ । अहिले धेरै हिसाबले फेरिएको प्रकृति र समाजका बहुआयामिक पक्षहरूको गहिरो प्रभावले पुरानै तरिकाले जमिन मात्र जोतेर जीवन नचल्ने भएको छ ।

फेरिएको सामाजिक अर्थ-व्यवस्थाले जीवनको आधार कृषि भूमि बाँझो पल्टाएर किसान मरुभूमिमा जीवनका आधार खोज्न बाध्य छन् । यसरी बाँझो पल्टेको जमिनले स्याहार नपाएर बाढी-पहिरो, कटान र बगानको नियति भोग्दै मरुभूमीकरणको यात्रामा छ । यसले नीतिनिर्माता र राजनैतिक अगुवालाई गिज्याइरहेको छ । यसमाथि, बढ्दो जलवायु संकटले तापक्रम बढेसँगै मनसुन खल्बलिएको छ । पानीको अनिश्चयले खेतीपाती गरेर जीवन चलाउने आश जमिन हुने किसानले समेत मार्दै गएका छन् । एक टुक्रा जमिन पाए यसैलाई हराभरा बनाएर जीवन चलाउने सपना बोकेका श्रमिक किसानको जमिन पाउने कुरा वीरबलको खिचडी जस्तै भएको छ । यसरी हेर्दा, ६ दशकपछि भूमिसुधार यी सबै यक्ष प्रश्नको जवाफ दिन इतिहासको कठघरामा उभिएको छ ।

जिम्मेवारी बोध गर्न चुकेको नेतृत्वले यो सवाललाई वास्ता गर्न नै छोडेको छ । बरू यसैको धङधङीमा निहित स्वार्थको दुनो सोझ्याउन नै व्यस्त छ । अहिलेको भूमि विधेयक यसैको एउटा कडी मात्र हो भन्न कुनै कठिनाइ छैन । नितान्त निजी स्वार्थको अँध्यारो गल्लीमा भड्किएर नेतृत्वले बाटो बिराएको भूमिसुधारको अपूर्ण यात्रा बाटो फेरेर मात्र गन्तव्यमा पुग्छ । अन्यथा अहिलेकै अवस्था दोहोरिने मात्र हो । यो कुराको मनन् गरी यसलाई सच्याउन जमिनलाई सार्वभौम नेपालको सबै जमिन सबैको साझा प्रकृति हो । यसको उपयोगको अधिकार मात्र व्यक्तिगत हुन्छ भन्ने साझा राष्ट्रिय दृष्टिकोण र यसको कार्यान्वयन गर्ने संकल्प चाहिएको छ । अहिले जमिन हुने र नहुनेको विभेद अन्त्य गर्न जमिन कसैको पनि निजी सम्पत्ति नहुने तर उपयोग गर्नेले यसबापतको प्रगतिशील जनकर तिर्ने व्यवस्था छ । त्यस्तै, उपयोग नगर्नेको जमिन स्वत: राज्यको हुने र यस्तो जमिन सरकारले अन्यलाई उपयोग गर्न दिन सक्ने व्यवस्था गर्न सकिन्छ ।

हालसम्म वैधानिक रूपमा कुनै पनि सम्पत्ति पलायन गर्न नपाइने कानूनी व्यवस्था भएकोले यसो गर्ने कुराले दीर्घकालमा सामाजिक न्यायमा प्रतिकूल प्रभाव पार्ने समेत देखिदैन । यसको ढाँचा र अवतरण यात्राका बारेमा गहिरो संवाद गरी सहजै निष्कर्षमा पुग्न सकिन्छ । यसका लागि भूउपयोग वर्गीकरण, वर्गीकृत जमिनको स्वामित्वको आकार र वर्गीकृत सामाजिक सुरक्षाको सुनिश्चितता र शासन प्रणालीमा सुशासन नैतिकता पालना गर्ने-गराउने लोकतान्त्रिक अभ्यास यसका शर्त हुन् । राजनीतिक नेतृत्वको नैतिक धरातलमै गहिरो अविश्वास भएको अहिलेको अवस्थामा यो शर्त पूरा गर्ने दृढता नभएसम्म यो वा अन्य वैकल्पिक प्रस्तावमा बहस गरेर मात्र केही हुँदैन । यसको मारमा पर्ने र आफ्नै बलबुतामा यी सबै सम्हाल्नुपर्ने अहिलेको युवा पुस्ताले यसका बारेमा थप चिन्तन गर्ने र वैकल्पिक बाटो खोज्ने पहल गर्ने बेला भएको छ ।

*(साभार: अनलाइनखबर)*

# पुराना भ्रष्ट्राचारी मुर्दावाद, नयाँ भ्रष्ट्राचारी जिन्दावाद

✍ पुलेन्द्रबहादुर कार्की

"एउटा कुशल शासकलाई देशको भविष्यको चिन्ता हुन्छ भने एउटा कुटिल राजनीतिज्ञलाई केवल आगामी चुनावको ।"- अब्राहम लिंकन १६-१७ वर्षको यौवन अवस्था थियो, २०४६ सालमा अधिराज्य भरी भएको जनआन्दोलनले देशमा भखर भखर बहुदलीय व्यवस्था वहाल भइरहदा, जैविकरुपमै तिव्र परि वर्तन र विकासहुने कुखुरे वैसको अवस्था भएकोले पनि होला परिवर्तित राजनिती प्रति तिव्र चाँसो र चाख थियो, कलेज बुकहरुले भरिएको स्कुल व्यागको ढड्डा खोली पढने भन्दा, मार्क्सवाद लेनीनवाद, विपीकोइरालाले अदालतमा दिएको वयान, जनकपुर वमकाण्ड, सुरजपुरा काण्ड, पिस्करकाण्ड, पेल्न हाइज्याक जस्ता क्रान्तिकारी खुराक युक्त रचनाहरु पढने तिव्र रुचि रहन्थ्यो, सिके प्रसाई, डिपी भण्डारी, प्रदिप गिरी, मोदनाथ प्रसित खगेन्द्र संग्रौला लिखित आलेखहरू र गरिजा प्रसाद कोइराला, मदन भण्डारी लगायतका क्रान्तिकारीहरु द्वारा दिइएका लामा लामा अन्तर्वार्ताहरु पनि सायदै छुटाइयो होला ।

त्यो समयको आफ्नो रुची, विश्वास, राजनितीक आस्था र लगाव प्रति आजको दिनसम्म पनि कुनै पश्चात्ताप र गुनासो त छैन, तर लामो समय देखि दु:ख भोग गरी देश र जनताको लागि राजनिती गरि आएका नेताहरू प्रतिको आस्था र भरोसा भने छिटो छिटो गरी गिरावट हुदै गइरह्यो, जुन क्रम हाल सम्म रोकिएको छैन ।

प्रजातन्त्र पुनर्वाहल पश्चात् सम्पन्न प्रथम संसदीय निर्वाचनमा नेपाली जनताले, नेपाली काँग्रेस पार्टीलाई सरकार चलाउने सुविधा जनक वहुमत र नेकपा एमाले पार्टीलाई सशक्त प्रतिपक्षको जनादेश दियो, तर लामो इतिहास वनाएर आएका नेताहरु लिकंनले भनेको आदर्शवाट दिन दुई गुना, रात चारगुना च्युत हुन मात्रै पुगेनन वरु नेताहरुको नियत लिकंनले निषेध गरेको सत्ता कुटनीतिको कुटिलतामा रुपान्तरण भयो । लोकतन्त्र को लागि कठिन यात्रा विचरण गरेका त्यागी गणेशमानजी, किशुनजीहरुमा समेत प्रतिशोध, इर्ष्या र भोग तिव्र भयो, जनअधिकारको लागि विराटनगरको आफ्नो श्री, सम्पदा र रजगज सहज त्याग गरी प्रवासको कठिनता अंगालो हालेको परिवारिक पृष्ठभुमीका क्रान्तिकारी गिरिजा प्रसाद कोइरालामा पार्टी भित्रै दुश्मन देख्ने संकृणता सवार भयो, फगत सत्ता तृष्णाको जगमा छित्तिसे र चौहत्तरेको उदय गरियो । नेकपाएमाले भित्र पनि काँग्रेसी कलहको सुगन्ध ले त्यागी मनमोहन देखि क्रान्तिकारी मदन भण्डारी सम्म यति विधि लछिएकी वेमौसमी कर्मचारी आन्दोलन, २/२ महिनाको संसद अवरोध, र ३६ से संग मिलेर सरकार वनाउने अपारदर्शी असफल साँठगाँठ गर्न समेत पछि परेनन । यो अवधिमा सत्तामा रहेको काँग्रेस, आफै भित्रको ढाडे विरालाहरुको रयाङ रयाङ र रुङरुङमा रुमलियो भने प्रतिपक्षमा रहेको एमाले खस्ला र खाँउला भन्दै र्‍याल काडेर वसिरह्यो ।

थुप्रै क्षेत्रहरुमा सन्तोष गर्ने अवस्था नहुदा नहुदै पनि, आर्थिक उदारीकरणको प्रष्ट नीति कार्यान्वयन गर्ने आँट गर्दै, देशको सिकिस्त अर्थतन्त्रका सुचकहरुमा व्यापक सुधार गर्ने, शिक्षा, स्वास्थ्य, यातायात, विद्युतीकरण लगायतका पुर्वाधारका क्षेत्रहरुमा फडको मार्ने काम भने यो अवधिमा भएको यथार्थ ढिलै भए पनि सवैले स्वीकार गरेको पाइन्छ, गिरिजा प्रसाद, रामसरण र महेश आचार्य अवधिलाई आर्थिक सुधारका दृष्टीले धेरै अर्थविदहरुले स्वर्णकाल भन्ने गरेको पनि हेक्का राख्न योग्यछ ।

५२ पछिको प्रजातन्त्रको अवधि पुर्णतया अस्थिरता, सत्तालीप्सा, कुशासन उन्मुख मात्र भएन विकृति, विसङ्गतिहरुको निर्मित जगमा सहजै माओवादी विद्रोहले फस्टाउने अवसरको कुशल उपयोग गर्ने आधार निर्माण भयो । ५८ साल पछि त प्रजातन्त्र पुर्णतया रक्षात्मक अवस्था पुग्यो र राजा, संस्थापनका दलहरू र माओवादी वीच कहिले राजा माओवादी मिल्लान जस्तो, कहिले राजा दलहरु मिल्लान जस्तो, बाघ र वाखाको वाघचालमै प्रजातन्त्र अलमलि रह्यो ।

राजा विरेन्द्रको बंश विनास र खास गरेर ज्ञानेन्द्रको टेक ओभर पछि भने दलहरू र विद्रोही माओवादी विच संवाद र सहकार्यको वातावरण बन्दै गयो, संस्थापनका सातदलहरु सित सडक आन्दोलन वाहेक विकल्प बचेन तर दलहरूको अलोकपृयताको कारण सडकमा जनसमर्थन नजुटि रहेको अवस्थामा, दलहरुले आम जनता संग विगतमा गरेका गल्तीहरु वारे माफि माग्दै गिरिजा प्रसाद कोइराला नेतृत्वमा माओवादी संग भएको १२ बुदे सम्झौताको पृष्ठभुमीमा पुर्ण लोकतन्त्र को मुद्दा सहित दोस्रो जनआन्दोलन घोषणा गरियो, नागरिक समाज, सवै तहका आमजनताहरुको व्यापक सहभागिताको दवाव झेल्न नसकि ज्ञानेन्द्र सत्ता छोडन वाध्य भए, २००७ साल देखि प्रजातन्त्र भन्दै प्रयोगमा आएको भाष्य लोकतन्त्र मा रुपान्तरण भयो ।

शान्ति प्रकृया, संविधानसभा निर्वाचन, गणतन्त्र स्थापना, संविधान निर्माण लगायतका ऐतिहासिक कार्यभारहरु दलहरुले कुशलता पुर्वक सम्पन्न गरे,संवैधानिक रुपमै मुलुक संघीय, लोकतान्त्रिक, गणतन्त्रमा प्रवेश गरिसके पछि नेपाली जनताले सुशासन सहित तिव्र राष्ट्रिय प्रगतिको अपेक्षा राख्नु स्वभाविक थियो, दलहरुले पनि यहि घोषणा गरे तर नयाँ संविधान जारी पश्चात पनि दल र दलका नेताहरुको चरित्र र प्रवृत्ति मा कुनै परिवर्तन देखिएन, सत्ता स्वार्थको लागि पार्टी तोडफोड, ठुलठुला भ्रष्ट्राचारका काण्ड रचना, " लोमडीले आफ्नो खाल परिवर्तन गर्न सक्छ तर वानी परिवर्तन गर्दैन " भन्ने युक्तिलाई दल र दलका दलपतिहरुले चरित्ररार्थ गर्न छोडेनन ।

**नयाँदल र पात्रहरूको उदय**:

जनताले सुशासन, प्रगति सहितको रुपान्तरण र शिक्षा, स्वास्थ्य लगायत रोजगारीमा निष्पक्ष पँहुच खोजिरहदा, नेताहरुले त्यो दिशा समातेनन वा समात्न चाहेनन, परिणाम स्वरुप जनताहरुको असन्तुष्टि बढिरहदा, जनताले चाहे अनुसार राइट टु रिका'ल" (Right to Recall) निर्वाचित प्रतिनिधिले काम नगरे हटाउन सकिने, चन्दा नलिने र भ्रातृ संगठन नहुने, व्यवस्था होइन, नागरिकको अवस्था बदल्न राजनीतिमा आएको, अब जान्नेलाई छान्ने" (Now let's pick the knowledgeable ones), no not again. जस्ता कर्णप्रीय घोषणा र नारा सहित,विवध क्षेत्रहरुमा ख्याति कमाएका (legend personality ) हरु संगठीत भएर व्यापक उत्साह र सौर्य सहित नयाँ राष्ट्रिय स्वतन्त्र पार्टी गठन भयो ।

नयाँ पार्टी गठनको ६ महिना पनि नवित्दै सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा नव गठित राष्ट्रिय स्वतन्त्र पार्टीले पुराना दलहरुको अहंकार र परम्परागत दवदवालाई चुनौती मात्रै दिएन, युवा जनमत र सहरिया जनमतमा ज्वारभाटा पैदा गर्दै, संसदको निर्णायक चौथो शक्तीमा स्थापित भयो ।

नयाँ शक्तीको उदयले नयाँ उत्साह र भरोसा मात्रै पैदा गरेन वरु पुराना सवै दलहरू भित्र " सच्चिने वा सक्किने " भन्ने पराकम्पन समेत पैदा गर्यो । नेपाली लोकतन्त्रले झेल्दै आएको कुशासन रुपी क्रोनिक लगायत विद्यमान विकृति, विसङ्गतिहरुको सफाया हुने, उन्नत लोकतन्त्र तिर देशको समग्र राजनितीले दिशा परिवर्तन गर्ने आस लाग्दो वातावरणको सृजना नयाँ दलको दमदार उपस्थिति ले सुजना गर्यो ।

**टाउकोमा ट्युमर**:

निर्वाचन लगत्तै गठन हुने गठवन्धन सरकामा सहभागी हुन देखिएको हतारो, मन्त्रालय छनौटमा देखाएको हठ, मन्त्री छनौट गर्ने विधी हेर्दा नयाँ दलले पनि दलगठन गर्दा घोषणा गरिएका नारा र नीतिहरु संग संगत हुने गरी, पुराना भनिएका दलहरू भन्दा भिन्न चरित्र देखाउन सकेन । सरकार मा प्राप्त मन्त्रालयहरु संचालनको कार्यशैली र नतिजाले पनि घोषित नाराहरू संग तादम्यता देखाएन वरु सरुवा, बढुवा लगायत ठेक्का पट्टामा हिजोका दिन विर्सिने गरी पक्षपात र अपारदर्शीता देखियो र सभापतिको दोहोरो नागरिकता प्रकरणले त नयाँ दललाई रक्षात्मक अवस्थामा धकेल्ने उत्तोलकको काम गर्यो, तथापि जनमानसमा नयाँ दल प्रति आक्रषण नघटेको प्रमाणित भने सम्पन्न उपनिर्वाचन मार्फत भयो ।

पुराना दलहरूलाई सन्देश र पाठ हुने गरि नयाँदलले पार्टी संचालनको प्रणाली पनि पारदर्शी, गतिलो र लोकतान्त्रिक वनाएको देखिएन, All In One र देवत्वकरणको अलोकतान्त्रीक अभ्यासमा कुनै पनि पुरानादलहरु भन्दा नयाँदल कमजोर देखिएन । दोस्रोपटकको सत्तारोहण हुदा उठेको सहकारी अपचलनको मुद्दामा पनि नैतिकता प्रदर्शन सहित सर्लक्क सरकार वाहिर गएर फरक देखिने अवसर थियो, तर संसदीय छानबीन ले नधकल्दा सम्म टासिरहने कर्मकाण्ड जारी राखियो, जस्ले गर्दा गहिरो गरी सहकारी प्रकरणको सवै तिरवाट सिडी स्क्यान भयो र रास्वपाको सिरमा ट्युमर देखियो ।

*(साभार: न्यूज अफ नेपाल)*

अपराध अनुसन्धानमा एआई :

# २२२ वटा मुद्दा चल्ने इकाइका लागि प्रहरीले तयार पार्दैछ दक्ष जनशक्ति

काठमाडौं/'बिजनेस इन्टेलिजेन्स एन्ड डाटा भिज्वलाइजेसन प्रयोग गरी डाटा एनालाइसिस गर्न २२२ वटा मुद्दा चल्ने प्रहरी कार्यालयहरूका लागि दक्ष जनशक्ति तयार पारिरहेका छौं ।' प्रहरी प्रधान कार्यालयमा ११ साउनमा आयोजित एक कार्याक्रममा केन्द्रीय प्रवक्ता तथा प्रहरी नायव महानिरीक्षक (डीआईजी) विनोद घिमिरेले अपराध अनुसन्धानमा एआई (आर्टिफिसियल इन्टेलिजेन्स)को प्रयोगबारे बताएका थिए ।

एआईमा आधारित भएर अपराध अुसन्धानलाई थप परिस्कृत गर्दै लगिने र यसले अपराध नियन्त्रणमा सहयोग पुग्ने उनले उल्लेख गरेका थिए । डीआईजी घिमिरेले भनेझैं प्रहरीमा एआई बेस बिजनेस इन्टेलिजेन्स एन्ड टाडा भिज्वलाइजेसन टुल्स प्रयोगबारे तालिम दिएर दक्ष जनशक्ति निर्माण गरिएको बताइएको छ । एआई प्रविधि प्रयोग गर्नका लागि दक्ष जनशक्ति उत्पादनको काम अन्तिम चरणमा पुगेको प्रवक्ता घिमिरेले बताए ।

दक्ष जनशक्ति तयार पारेपछि यसलाई कार्यान्वनको चरणमा लगिने बताइएको छ । प्रहरीको कम्प्युटर सेवा निर्देशनालयका प्राविधिक डीआईजी अरुण भण्डारी पनि अहिले प्रहरीलाई तालिम दिएर दक्ष बनाउने काम भइरहेको बताउँछन् ।

'एआई टुल्स भित्रिए पनि यसको प्रयोगका लागि हामीसँग जनशक्ति थिएन । अहिले भने तालिम दिएर दक्ष जनशक्ति उत्पादन गर्ने काम अन्तिम चरणमा पुगेको छ । अब केही समयमै कार्यान्वयनमा लैजान्छौं,' भण्डारीले संचारकर्मीसँग भने । अहिले नेपाल प्रहरीमा देशभर २२२ वटा युनिटबाट मुद्दा चल्छन् । जसमा इलाका प्रहरी कार्यालय ११५ वटा, जिल्ला प्रहरी कार्यालय ७४, प्रहरी वृत्त १८, वडा प्रहरी कार्यालय ८ वटा, ब्युरो ४ वटा र परिसर ३ वटा छन् । मुद्दा चल्ने यी इकाइहरूमा एआई बिजनेस इन्टिलेजेन्स डाटा भिज्वलाइजेसन तालिम प्राप्त जनशक्ति राखेर अपराधको डाटा विश्लेषण गर्ने गरी प्रहरीले प्रक्रिया अघि बढाएको हो ।

प्रविधिमैत्री अपराध हुन थालेसँगै यसले अनुसन्धानमा जटिलता




थपेको प्रहरीको बुझाइ छ । यसैका लागि एआईमा आधारित भएर प्रहरीले काम सुरु गर्न लागेको हो । यसका लागि एक भारतीय कम्पनीसँग ९ करोड ११ लाखमा एआई बिजनेस इन्टेलिजेन्स टुल्स खरिद गरिएको थियो ।

यो प्रविधि सञ्चालनबारे सुरुमा १५ प्रहरीलाई भारत पठाएर तालिम दिइएको थियो । पहिलो पटक सातजना र अर्को पटक गरी आठजनालाई भारत पठाएर तालिम दिइएको थियो । अहिले भने नेपाल प्रहरी आफैंले तालिम दिएर थप दक्ष जनशक्ति उत्पादन गरिएको बताइएको छ ।

**कसरी गर्छ काम ?**

यो प्रविधि सञ्चालनमा आएसँगै एनालाइटिकल्स टुल्सको प्रयोगबाट अपराध अनुसधानमा सहजता आउने बताइएको छ । यसमा भएका अपराधसम्बन्धी डेटाहरूले आगामी दिनमा आउन सक्ने अपराधका चुनौती र ध्यान दिनुपर्ने विषयबारे विश्लेषण गरी रिपोर्ट दिने बताइएको छ । 'यसले अपराधका डेटाहरूको एनालाइसिस गर्छ र आगामी दिनमा ध्यान दिनुपर्ने विषयहरू सुझाउनुका साथै चुनौतीका विषय यी हुन सक्छन् भनेर इन्डिकेट गर्छ,' डीआईजी भण्डारीले संचार कर्मीसँग भने ।

यसले भविष्यमा हुनसक्ने चुनौतीका बारेमा समेत बताउने भएकाले अपराध नियन्त्रण गर्न सहज हुने बताइएको छ । अन्य देशहरूले एआई आधारित टुल्सहरू पहिल्यै प्रयोगमा ल्याए पनि नेपाल प्रहरीका लागि भने यो नै पहिलो हो । यसअघि अपराध अनुसन्धान विभागको नेतृत्व गरेका तत्कालीन एआईजी (हाल पूर्व) कुवेर कडायतले नेपाल प्रहरीको यो गेम चेन्जेर परियोजना रहेको बताएका थिए ।

भावी चुनौती र समाधानका उपायहरूबारे समेत सुझाउने भएकाले सोहीअनुसार पुलिसिङ रणनीति बनाएर कार्यान्वयन लगिने सक्ने बताइएको छ । अपराधको रुवरूप परिवर्तन हुँदै प्रविधिमैत्री हुँदै जाँदा अनुसन्धानमा थपिएको चुनौतीलाई धेरै हदसम्म यो एआई टुल्सले सहयोग गर्ने विश्वास प्रहरीले गरेको छ । अहिले तालिम दिएर दक्ष जनशक्ति उत्पादन गर्ने क्रममै रहेकाले यो टुल्सको नतिजा आउन भने अझै केही समय कुनुपर्ने हुन्छ ।

**पटके कसुरदार पहिचान गर्न प्रहरीको आफ्नै एआई**

यो बाहेक पटके कसुरदारलाई सहजै पहिचान गर्न प्रहरीले आफ्नै एआई सफ्टवेयर बनाएर समेत काम सुरु गरेको छ । यो सफ्टवेयर कोही व्यक्ति पक्राउ परेमा ती व्यक्तिको अनुहारबाटै उनको पृष्ठभूमि बताउन सक्ने बताइएको छ । यसअघि पनि पक्राउ परेर मुद्दा चलेको व्यक्ति भएमा त्यसको जानकारी यो सफ्टवेयरले दिने डीआईजी भण्डारी बताउँछन् । अहिले ट्रायलको रूपमा अहिले उपत्यकाका तीन जिल्ला परिसर काठमाडौं, ललितपुर र भक्तपुरमा यसको प्रयोग सुरु गरिएको छ ।

'पहिलो चरणमा ट्रायलको रूपमा उपत्यकामा प्रयोग गरेका छौं । राम्रोसँग काम गरेमा पछि बिस्तार गर्दै लगिने योजना छ,' डीआईजी भण्डारीले संचारकर्मीसँग भने । यसलाई प्रहरीको सीआरएस (क्रिमिनल रेकर्ड सिस्टम)सँग लिंक गरिएको बताइएको छ । जसका कारण यो सफ्टवेयरको विश्लेषण गर्ने र मुद्दाको काम गर्ने व्यक्तिबीच समन्वय गरेर काम गर्नुपर्ने हुन्छ ।

यो सफ्टवेयर अन्य विषयभन्दा पनि पटके कसुरदार पहिचानको लागि काम गर्ने बताइन्छ । अपराध गर्नेहरूले नाम, ठेगाना परि वर्तन गर्दै कागजात समेत बनाउने गरेकाले ढाँट-छल गर्ने सम्भावना हुन्छ । त्यसो हुँदा उनीहरू पटके कसुरदार हो/होइनन् पत्ता लाग्दैन । तर, यो एआई प्रविधिले भने फेस रिडमार्फत व्यक्ति पहिचान गर्ने भएकाले त्यसरी ढाँटे पनि व्यक्ति पहिचान हुन सहज हुने बताइएको छ ।

प्रविधिसँगै अपराधको स्वरूप फेरिन थालेपछि प्रहरीले पनि अनुसन्धान पद्धतिलाई परिस्कृत गर्दै लगेको छ । यसैको निरन्तरता दिँदै प्रहरीले एआई आधारित सफ्टवेयर मार्फत अपराध विश्लेषण गर्नेदेखि पटके कसुरदार पहिचानसम्मको काम सुरु गर्न थालेको छ । तर अझै यो पर्याप्त नभएको प्रहरीको बुझाइ छ ।

**प्रविधिमैत्री हुने प्रयास**

पछिल्ला हरेकजसो अपराधमा प्रविधि जोडिनु र चुनौती दिनानुदिन बढ्दै गएपछि राज्यको समेत टाउको दुखाइको विषय बन्यो । यसैलाई मध्यनजर गर्दै गत १५ फागुनमा काठमाडौंमा डिजिटल अपराध नियन्त्रणसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन नै आयोजना भएको थियो ।

नेपाल, भारत, चीन, बेलायत, श्रीलंकालगायत १३ देशका अनुसन्धानकर्ता, अभियोजनकर्ता अपराधशास्त्रका विज्ञहरू, एआई विशेषज्ञ, कानुन विज्ञ र न्यायाधीश सहितको दुई दिने सम्मेलन महान्यायाधिवक्ता कार्यालयको आयोजनामा सम्पन्न भयो । उक्त सम्मेलनमा पनि अहिलको मुख्य चुनौतीको रूपमा प्रविधिको प्रयोगमार्फत हुने अपराध रहेको विश्लेषण गरिएको थियो । जहाँ बेलायतकी सरकारी वकिल सेहनाज मुसरफले महिलामाथि हुने अपराध सबैभन्दा बढी अनलाइनमार्फ नै हुने गरेको भन्दै प्रस्तुति दिएकी थिइन् ।

'अहिले महिलामाथि अनलाइनबाट सबैभन्दा बढी सेक्सटोर्सन, शारीरिक र मानसिक तनाव दिने आपराधिक समूह नै लागिपरेको देखिन्छ,' उनले भनेकी थिइन्, 'अपराध प्रविधिमा जोडिएपछि अब अनुसन्धान पनि प्रविधि हुनु आजको अनिवार्य आवश्यकता हो ।'

सरकारी वकिल सेहनाजले भनेजस्तै अहिले प्रविधिमैत्री नभई अपराध अनुसन्धानको कखरा नै सुरु हुन छाडिसकेको अवस्था छ । त्यसैलाई मध्यनजर गर्दै नेपाल प्रहरीले प्रविधिमैत्रीमा जोड दिएको छ । ५ असार २०८० बाट देशभरका जिल्ला प्रहरी कार्यालयहरूबाट साइबरसम्बन्धी मुद्दा चल्ने निर्णय भएर कार्यान्वयनसमेत भइरहेको छ ।

यसका लागि अनुसन्धान अधिकृतहरूलाई तालिम समेत दिइएको थियो । तर दक्ष जनशक्ति पर्याप्त नहुँदा अहिले पनि साइबरको मुद्दाका लागि केन्द्रीय साइबर ब्युरोमा आउने क्रम रोकिएको छैन । हरेकजसो अपराध प्रविधिमा जोडिन थालेपछि प्रहरीले आफ्नो भावी कार्ययोजनामा यसबारे समेत समेटेको छ । अपराध अनुसन्धान विभागले अनुसन्धानकै लागि भनेर छुट्टै प्रहरी भर्ना गर्नुपर्ने कार्ययोजना अघि सारेको छ ।

अपराध अनुसन्धानका लागि भर्ना लिंदा प्रविधिमा ज्ञान भएको, विज्ञान संकाय तथा आईटी अध्ययन गरेकालाई केन्द्रमा राख्नुपर्ने अपराध अनुसन्धान विभागको भावी योजनामा उल्लेख छ ।

*(स्रोत: अनलाइनखबर)*

# नक्कली सुनलाई सक्कली भनेर ठगी गर्ने ४ जना पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, ४ भदौ/नक्कली सुनलाई सक्कली सुन भनी ठगी गर्ने गिरोहका चारजनालाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा मकवानपुरगढी गाउँपालिका-२ का ३४ वर्षीय किशोर लामागोले, बकैया गाउँपालिका-८ का ४५ वर्षीय सूर्यबहादुर नेगी, ४४ वर्षीय सेतेलाल गोङवा र नुवाकोट किस्पाङ गाउँपालिका-१ का ४८ वर्षीय नाम्केल तामाङ रहेका छन् । विशेष सूचनाको आधारमा हेटौंडा-११ सुकुम्बासी टोलस्थित त्रिवेणीचोक नजिक भाडाको कोठामा छापा मार्दा उनीहरु पक्राउ परेका जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक एवम् प्रवक्ता श्यामु अर्यालले जानकारी दिएका छन् ।

अर्यालका अनुसार उनीहरु बस्दै आएको कोठामा खानतलासी गर्दा झोलाभित्र सुनजस्तो देखिने पँहेलो धातु ५० थान बरामद गरिएको छ । परीक्षणका लागि मकवानपुर सुनचाँदी व्यवसायी संघमा पठाउँदा तीमध्ये ४९ थान नक्कली र १ थान मात्रै सक्कली सुन रहेको पुष्टि भएको हो । बरामद सक्कली सुन १० ग्रामको बजारमूल्य करिब १ लाख ६७ हजार ६ सय ९५ रुपैयाँ रहेको बताइएको छ ।

बरामद सक्कली सुनलाई आवश्यक कारबाही तथा अनुसन्धानका लागि राजस्व अनुसन्धान कार्यालय पथलैया, बारामा पठाइएको छ भने बाँकी नक्कली धातु नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । पक्राउ परेका चारैजनाविरुद्ध ठगी उद्योग कसुरमा मकवानपुर जिल्ला अदालत, हेटौंडाबाट म्याद अनुमति लिइ थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

# जीवन ७ वर्षपछि फिल्ममा फर्किने पक्का, 'सकम्बरी'मा अनुबन्धित

काठमाडौं/'रोमान्टिक हिरो'को रुपमा परिचित जीवन लुईंटेल ७ वर्षपछि फिल्म अभिनयमा फर्किने भएका छन् । फिल्मसम्बन्धी अध्यापन गराउँदै आएको कान्तिपुर फिल्म एकेडेमीले निर्माण गर्न लागेको नयाँ फिल्म 'सकम्बरी'बाट उनको पुनरागमन तय भएको हो । बुधबार उनले फिल्म सम्झौता गरेका हुन् । उनीसँगै फिल्ममा अभिनेता अर्पण थापाको पनि प्रवेश भएको छ ।



फिल्ममा अनुबन्ध भएपछि जीवनले सामाजिक सञ्जालमा लेखेका छन्, 'केही वर्षको कमर्शियल ब्रेकपछि म फर्किएको छु । फिल्म 'सकम्बरी'मा 'सुयोगवीर'को रुपमा फर्किंदैछु । मैले धेरै पटकथाहरू खोजेँ, तर मेरो मनलाई पछ्याएँ र यो रोजेँ । अनुभवी अर्पण थापासँग स्क्रिन सेयर गर्न म उत्साहित छु ।' फिल्ममा उनले 'सुयोगवीर'को भूमिका निर्वाह गर्नेछन् ।

गत महिना कान्तिपुर थिएटरले मञ्चन गरेको नाटक 'शिरीषको फूल'मा पनि जीवनले 'सुयोगवीर'कै भूमिकामा अभिनय गरेका थिए । अब सोही पात्र उनले फिल्ममा निर्वाह गर्नेछन् । अर्पण भने 'शिवराज'को भूमिकामा देखिने जनाइएको छ । 'शिरीषको फूल'को 'सकम्बरी' पात्रबाट प्रभावित भएर फिल्म बन्न लागेको हो ।

दोस्रो विश्वयुद्ध काल खण्डको दृश्य उतार्नुपर्ने भएकाले फिल्मलाई म्यानमार (बर्मा) र नेपालमा छायांकन गर्ने तयारी गरिएको कान्तिपुर एकेडेमीका सीइओ प्रकाश पुरीले जानकारी दिए । तिहार पछि छायांकन सुरु हुने फिल्मका निर्देशक र मुख्य अभिनेत्री (सकम्बरी)बारे आगामी साता जानकारी गराइने उनले बताए । उनका अनुसार फिल्मको अनुमानित बजेट ३ करोड रहेको छ ।

# भारत-चीन सहमति: लिपुलेकको घाउमा नुनचुक

काठमाडौं/नेपालको भूमि लिपुलेक हुँदै दुईदेशीय व्यापार अघि बढाउनेबारे भारत र चीनबीच मंगलबार थप सहमति भयो । यो सहमतिले वर्षौंदेखिको नेपाल-भारत सीमा विवादको घाउ फेरि चहऱ्याएको छ । चीनका परराष्ट्रमन्त्री वाङ यीले गत सोमबार र मंगलबार (अगस्ट १८-१९) मा गरेको भारत भ्रमणका क्रममा यो सहमति भएको हो । विगतमा पनि यो त्रिदेशीय नाकाको विषयमा भारत र चीनले नेपाललाई छलेर आपसी सहमति गर्दै आएका थिए । त्यही श्रृंखलामा मंगलबार फेरि नयाँ अध्याय थपिएको हो ।

प्रधानमन्त्री केपी शर्मा ओलीको यसै महिना सुरुमा चीन र त्यसपछि हुने भारत भ्रमणको पूर्वसन्ध्यामा नेपालको नक्सामा समेत समेटिएको भूमिमार्फत दुईदेशीय व्यापार अघि बढाउनेबारे दुई शक्तिशाली छिमेकीबीच थप सहमति भएको हो । नयाँदिल्लीमा चिनियाँ विदेशमन्त्री वाङले प्रधानमन्त्री नरेन्द्र मोदी, विदेशमन्त्री एस जयशंकर र राष्ट्रिय सुरक्षा सल्लाहकार एवं भारत-चीन सीमा समस्या समाधान सम्बन्धी विशेष प्रतिनिधि अजित डोभालसँग भेट गरेका थिए । त्यसपछि मंगलबार राति भारतीय विदेश मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्तिमा लिपुलेक नाकाबाट व्यापार पुन: सुचारु गर्ने उल्लेख छ । वाङ यीको दुईदिने भारत भ्रमणपछि मंगलबार जारी विज्ञप्तिमा सहमतिका १२ बुँदा छन् । भारतले जारी गरेको विज्ञप्तिको ९औं बुँदामा भनिएको छ, 'दुवै पक्ष तोकिएका तीन नाकाहरू लिपुलेक पास, सिप्किला पास र नाथुला पासमार्फत सीमापार व्यापार पुन: सुरु गर्न सहमत भएका छन् ।'

वाङ यीको भ्रमणपछि चीनको परराष्ट्र मन्त्रालयले बुधबार बिहान दुईवटा नोट जारी गरेको छ । भारतीय विदेशमन्त्री एस जयशंकर सँगको भेटसम्बन्धी नोटमा 'दुवै पक्षले दुई देशबीच व्यापार र लगानी प्रवाहलाई ठोस उपायहरूमार्फत सहज बनाउने सहमति जनाए' भन्ने मात्र उल्लेख छ । यो नोटमा नाकाको विषय र नाम उल्लेख छैन । तर, डोभालसँग वाङ यीले गरेको भेट सम्बन्धमा चीनको परराष्ट्र मन्त्रालयले जारी गरेको नोटमा भने नाकाको विषय उल्लेख छ । नोटको ९ नम्बर बुँदामा 'रेनचिङगाङ-चाङ्गु, पुलान-गुञ्जी र जिउबा-नाम्या गरी तीनवटा परम्परागत सीमा व्यापार बजारहरू पुन: खोल्ने सहमति गरियो' भन्ने उल्लेख छ ।

यो नोटमा स्पष्ट रूपमा 'लिपुलेक' भन्ने शब्द छैन । तर 'पुलान- गुञ्जी' भन्ने शब्द उल्लेख छ । पुलान नेपालको हुम्ला ताक्लाकोट नाकातर्फको चिनियाँ भूभाग हो । गुञ्जी चाहिँ नेपालले जारी गरेको चुच्चे नक्सा भित्रकै भूमि हो । भारतका लागि पूर्वनेपाली राजदूत दीपकुमार उपाध्याय चीन र भारतले नेपालको कमजोरीको फाइदा उठाउँदै यो सहमति गरेको टिप्पणी गर्छन् ।

'हामी न चीन, न भारतले पत्याउने भयौं । हाम्रै कमजोरीका कारण यो भएको हो' उनले संचारकर्मीसँग भने, 'चीन र भारत रिसाउलान् कि भनेर हामी खुसी पार्ने प्रयासमा मात्र लाग्छौं । हामी हाम्रो कुरा भन्नै सक्दैनौं । त्यसैले उनीहरूले आफूखुसी गर्दै हिँड्छन् । हाम्रो कूटनीति असाध्यै कमजोर भयो ।' भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सन् २०१५ मा गरेको चीन भ्रमणका क्रममा भारतले हडपेको नेपालको भूमि लिपुलेक पासबाट व्यापार गर्ने सहमति भएको थियो ।

१५ मे २०१५ मा भारतीय प्रधानमन्त्री मोदी र चिनियाँ राष्ट्रपति सी चिनफिङले बेइजिङमा सम्झौता गरेका थिए । उक्त सम्झौतामा 'दुवै पक्ष व्यापार वस्तुको सूची वृद्धि गर्न तथा नाथुला, किंगला, लिपुलेक नाकाबाट व्यापार विस्तार गर्न सहमत भएका छन्' भन्ने उल्लेख थियो । त्यसबेला पनि नेपाली भूमि हुँदै व्यापार गर्ने विषयमा नेपाललाई जानकारी नदिई भएको सहमतिप्रति विरोधसमेत भएको थियो । नेपालको संसद्मा यसको चर्को विरोध भएको थियो । त्यसपछि तत्कालीन परराष्ट्रमन्त्री महेन्द्रबहादुर पाण्डेले भारत र चीन दुवै मुलुकलाई 'प्रोटेस्ट लेटर' पठाएका थिए ।

उनै पाण्डे पछि चीनका लागि नेपाली राजदूत बने । यो मामिलालाई नजिकबाट नियालिरहेका पूर्वराजदूत पाण्डेले त्रिदेशीय समझदारीले मात्र विवाद टुंगिन सक्ने भएकाले त्यसको पहल गर्नुपर्ने बताए । दुई देश आफ्नो ढंगले अघि बढिरहेकाले नेपालले तत्काल यसबारे कुरा गर्नुपर्ने उनी बताउँछन् । 'प्रधानमन्त्री पनि चीन जाँदै हुनुहुन्छ । भारतीय प्रधानमन्त्रीसँग पनि त्यहाँ भेट हुने भएकाले त्रिदेशीय मामिलाको यो विषयमा एउटा साइडलाइन छलफलको व्यवस्थापन गरेर तत्काल यो कुरा गर्नुपर्छ,' पूर्वपरराष्ट्रमन्त्री पाण्डेले भने ।

प्रधानमन्त्री ओली सांघाई सहयोग संगठन (एससीओ) को शिखर सम्मेलनमा भाग लिन १४ भदौमा चीन जान लागेका छन् । १५ र १६ भदौ (अगस्ट ३१ र १ सेप्टेम्बर) मा बेइजिङमा आयोजना हुने सम्मेलन चिनियाँ राष्ट्रपति सी चीनफिङले उद्घाटन गर्नेछन् । त्यहाँ भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी पनि सहभागी हुनेछन् ।

त्यसलगत्तै भारत भ्रमणको समेत तयारी भएकाले प्रधानमन्त्री ओलीले तीनै देशका प्रमुख कार्यकारी भेट हुने थलोलाई अहिलेको विषय राख्ने अवसरको रूपमा प्रयोग गर्नुपर्ने पूर्वराजदूत पाण्डेको सुझाव छ । २ नोभेम्बर २०१९ मा भारतले केन्द्रशासित प्रदेशमा जम्मुकश्मीर र लद्दाखलाई समेट्दै भारतको औपचारिक राजनीतिक नक्सा प्रकाशित गरेको थियो । अन्तर्राष्ट्रिय सिमानामा पनि फेरबदल गरेको यस राजनीतिक नक्सामा नेपालले सधैं आफ्नो दाबी गर्दै आइरहेको लिम्पियाधुरा, लिपुलेक र कालापानी लगायतका भू-भाग पनि समेटिएका थिए ।

भारतको उक्त कदमप्रति असन्तुष्टि जनाउँदै नेपालले भारतलाई कूटनीतिक पत्र पनि पठाएको थियो । तर भारत कूटनीतिक तवर बाट यो समस्या समाधान गर्न तयार भएन । नेपालमा भइरहेको विरोधलाई बेवास्ता गर्दै भारतले झन् लिपुलेक हुँदै कैलाश मानसरोवर पुग्ने सडक सञ्जाल निर्माणको काम जारी राख्यो ।

८ मे २०२० मा भारतीय रक्षामन्त्री राजनाथ सिंहले उक्त सडक सञ्जालको उद्घाटन गरे । सन् २०१५ मा लिपुलेक हुँदै मानसरोवर जोड्ने सडक सञ्जाल निर्माण गर्ने भारत र चीनबीच भएको समझदारीकै नतिजास्वरूप त्यहाँ सडक बनाउने काम भएको थियो । त्यसबेला पनि नेपालले उक्त समझदारीको कूटनीतिक रूपमा विरोध गरेको थियो । तत्कालीन परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले तत्कालीन भारतीय राजदूत विनयमोहन क्वात्रालाई परराष्ट्र मन्त्रालयमा बोलाई 'कूटनीतिक नोट' बुझाएका थिए ।

नेपाली भूमि कालापानी, लिपुलेक हुँदै चीनतर्फ जाने मोटर मार्ग भारतले बनाउन थालेकोमा आपत्ति जनाउँदै कालापानी, लिपुलेकसहितको भूभाग नेपालको हो भन्ने अडान राखेको थियो । ६ महिनाकै फरकमा भारतलाई नेपालले दुईपटक कूटनीतिक नोट पठाएको थियो । तर, सीमाको विषयमा भारतले जबर्जस्ती गर्दै गएपछि नेपाल सरकारले २ जेठ २०७७ मा वार्षिक नीति तथा कार्यक्रममार्फत लिम्पियाधुरासहित नक्सा जारी गर्ने घोषणा गरेको थियो । त्यसपछि मन्त्रिपरिषद्ले ५ जेठमा गरेको निर्णयअनुसार ७ जेठमा नक्सा जारी भयो ।

उक्त नक्सालाई प्रतिनिधि सभाबाट ३१ जेठ २०७७ मा सर्वसम्मत अनुमोदन गरी नेपालको संविधानको अनुसूची ३ मा रहेको देशको निशान छापमा लिम्पियाधुरा नभएको नक्सा राखियो । त्यसपछि अनेक राजनीतिक उतार चढाव आए ।

*(स्रोत: अनलाइनखबर)*

# के 'जनै हराएको मान्छे' धार्मिक फिल्म हो ?

काठमाडौं/घोषणाको बेलादेखि नै नामका कारण चर्चामा रहेको फिल्म हो, 'जनै हराएको मान्छे' । पहिला फिल्मको नाममा 'बाहुन' शब्द थियो । छायांकन सकिएपछि त्यो शब्द हटाएर 'मान्छे' राखियो । हिन्दु धर्मसँग सम्बन्धित केही संस्थाले अनावश्यक दबाब दिन थालेपछि निर्माण पक्ष नाम परिवर्तन बाध्य भएको थियो । तर, नाममा 'जनै' शब्द रहेकाले यो धार्मिक फिल्म हुनसक्ने धेरैको अनुमान छ ।




तर, यसका निर्देशक हिमाल न्यौपानेले 'जनै हराएको मान्छे' धार्मिक फिल्म नभएको स्पष्ट पारेका छन् । उनी भन्छन्, 'हाम्रो फिल्म धार्मिक होइन । सामाजिक कथा हो । सम्बन्धको कथा हो । फिल्मको विषयसँग जोडिएर जनै भन्ने शब्द आइपुगेको मात्रै हो ।' अनावश्यक झमेलामा फस्न नचाहेर फिल्मको शीर्षकबाट 'बाहुन' शब्द हटाएको पनि उनले बताएका छन् ।

फिल्ममा अभिनेता द्वय विजय बराल र शुशांक मैनाली बाहुन पात्रको भूमिकामा छन् । उनीहरुमध्ये जनै कोसँग जोडिएर आउँछ, त्यो भने निर्माण पक्षले खुलाएको छैन । ट्रेलर हेर्दा फिल्मले जनैको महत्त्वलाई पनि बुझाउन खोजेको देखिन्छ । ट्रेलरमा जनै सम्बन्धी एउटा संवाद नै छ, 'यो जनैलाई शरीरबाट अलग हुन दिनु हुँदैन । नत्र ठूलो खती हुन्छ ।'

यही शुक्रबारबाट प्रदर्शन हुन लागेको फिल्मको मंगलबारबाट अग्रिम टिकट बुकिङ खुला भइसकेको छ । फिल्मलाई देशभरका हलले राम्रो शो उपलब्ध गराएका छन् । अब टिकट बुकिङ कस्तो रहन्छ, त्यसले फिल्मको ओपनिङ निर्धारण गर्नेछ । 'जनै हराएको मान्छे'का प्रचार सामाग्रीप्रति देखिएको दर्शकको आकर्षण हेर्दा फिल्मले सुखद व्यापार गर्न सक्ने देखिन्छ ।

यो फिल्ममा विजय र सुशांकसहित भोलाराज सापकोटा, केकी अधिकारी, अभिनेत्री मिरुना मगर, गौरव पहाडी, सुशांक मैनाली, रियर राई, भावना खपांगी मगर लगायतको अभिनय रहेको छ । पेपरक्लिपको ब्यानरमा निर्माण भएको फिल्मका निर्माता कमल न्यौपाने र विमल न्यौपाने हुन् । फिल्मले सेन्सर बोर्डबाट सबै दर्शकले हेर्न मिल्ने गरी 'यूनिभर्सल सर्टिफिकेट' प्राप्त गरेको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

### निजी विद्यालयको आन्दोलन

# प्रिन्सिपलको प्रदर्शनदेखि शिक्षा समिति र संसद् घेराउसम्म

साझाकुरा संवाददाता

हेटौंडा, ४ भदौ/निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) र राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसियसन नेपाल (एनप्याब्सन) ले विभिन्न आन्दोलनका कार्यक्रम घोषणा गरेका छन् ।



बिहिबारबाट सुरु हुने आन्दोलन निरन्तर रहने यी दुई संगठनले बुधबार पत्रकार सम्मेलन आयोजना गरेर जानकारी गराएको छ । विद्यालय शिक्षा विधेयकका केही प्रावधानमा असन्तुष्टि जनाउँदै आएका उनीहरुले ५ बुँदे माग राखेर आन्दोलन घोषणा गरेका हुन् । आन्दोलनका कार्यक्रमअनुसार, बिहीबार बिहान ११ बजेबाट माइतीघर मण्डलामा पुगेर प्रधानाध्यापकहरुले ब्यानरसहित प्रदर्शन गर्ने कार्यक्रम तय भएको छ ।

त्यस्तै, शुक्रबार देशभरका विभिन्न विद्यालयका स्कुल बसमा कालो झण्डासहितको प्रदर्शन, सोही दिन दिउँसो १ बजे माइतीघर मण्डलामा भेला भएर शिक्षा, स्वास्थ्य तथा प्रविधि समिति र संघीय संसद घेराउ गर्ने कार्यक्रम पनि तय भएको विज्ञप्तिमार्फत जनाइएको छ । भदौ ६ गते देशैभरका स्कुल बसहरु विद्यालय नजिकैको चोकमा उतारेर नगर परिक्रमा गर्ने लगायत आन्दोलन घोषणा गरेको हो । सोही दिन काठमाडौं उपत्यकाको २७ किलोमिटर चक्रपथ वरपर स्कुल बसहरुको कालो झण्डा र ब्यानरसहित र्‍याली गर्ने कार्यक्रम तय भएको छ ।

दिउँसो १ बजे माइतीघर मण्डलामा भेला भएर शिक्षा, स्वास्थ्य तथा प्रविधि समिति र संघीय संसद घेराउ गर्ने कार्यक्रम पत्रकार सम्मेलनमार्फत जानकारी गराइएको छ । ७ गतेका लागि कुनै आन्दोलनका कार्यक्रम राखिएको छैन । ८ गते निर्णायक आन्दोलनमा प्रवेश गर्ने बताइएको छ । भदौ ८ गतेसम्म पनि माग पूरा नभए थप आन्दोलनमा जाने बताएका हुन् ।'८ गतेसम्म कुर्छौं, त्यो दिनसम्म माग पूरा भएन भने ९ गतेबाट विद्यालय बन्द गरेर आन्दोलनमा होमिन्छौं,' प्याब्सन अध्यक्ष कृष्णप्रसाद अधिकरीले भने ।

यस्ता छन् निजी विद्यालयहरूका माग :

(१) 'पूर्ण छात्रवृत्ति' भन्ने शब्द हटाइनु पर्ने ।
(२) विद्यालयहरुमा उत्पादन नहुने सामग्रीहरु जस्तै पोशाक, स्टेशनरी, शैक्षिक सामग्री, खाना, खाजा उपलब्ध गराउने प्रावधान खारेज गर्नुपर्ने ।
(३) कम्पनी ऐन अनुसार दर्ता भई सञ्चालनमा रहेका विद्यालयलाई 'गैरनाफामूलक' बनाउँदै लगिने भन्ने प्रावधान हटाइनुपर्ने ।
(४) छात्रवृत्ति वितरणको अधिकार सम्बन्धित विद्यालयमा रहनुपर्ने, पालिका प्रतिनिधिको सहभागितामा एक पार दर्शी समिति गठन गरी वितरण गर्न सकिने व्यवस्था गरिनुपर्ने ।
(५) छात्रवृत्ति सम्बन्धी ऐन, २०२१ को दफा ३(क), नियमावली, २०६० को नियम १० (क), मा ४५% आरक्षण छात्रवृत्ति व्यवस्था तथा २०७७ को संशोधन ऐन अन्तर्गतको विभेदकारी प्रावधान जसअनुसार केवल कक्षा ६ देखि १० सम्म सामुदायिक विद्यालयमा अध्ययन गरेकाले मात्र उच्चशिक्षामा, सिटीइभिटी कार्यक्रमअन्तर्गत अध्ययन गर्न पाउने व्यवस्थामा भएको विभेदकारी ऐन नियमका दफाहरु खारेज गरिनुपर्ने ।

# अन्तर्राष्ट्रिय पदक विजेता खतिवडालाई हेटौंडामा सम्मान



साझाकुरा संवाददाता

हेटौंडा, ४ भदौ/अजर बैजानको बाकुमा सम्पन्न इण्टर नेशनल बुडो मार्सल आर्ट च्याम्पियनसिप-२०२५ मा पदक जित्न सफल हेटौंडा-१८ का खेलाडी सुदर्शन खतिवडालाई सम्मान गरिएको छ ।

मकवानपुर क्योकुशिन कराते संघ बालकुमारी मकवानपुरको आयोजनामा मंगलबार जिल्ला खेलकुद विकास समितिको सभाहलमा आयोजित कार्यक्रममा नगरप्रमुख मीनाकुमारी लामाले खतिवडालाई नगद २५ हजार १२५ रुपैयाँ र सम्मानपत्र प्रदान गरिन् । खतिवडाले मकवानपुर क्योकुशिन कराते संघ बालकुमारी आईकेओ युनियनले २६ जुलाई २०२५ मा अजर बैजानको बाकुमा सम्पन्न अन्तर्राष्ट्रिय बुदो मार्शल आर्टस च्याम्पियनसीपमा ८५ केजी तौलसमूहमा नेपालको तर्फबाट प्रतिस्पर्धा गर्दै फुलकन्ट्रयाक्ट कराते विधामा स्वर्णपदक र किक बक्सिङ विधामा कास्यपदक प्राप्त गरेका थिए ।

खतिवडालाई सम्मान गर्दै नगरप्रमुख लामाले खेलक्षेत्रको मात्रै नभई हेटौंडा उपमहानगर पालिकाकै नाम राख्न सफल भएकोमा बधाई दिइन् । उनले प्रतिस्पर्धामा सहभागी हुँदै गर्दा हेटौंडा उपमहानगर पालिकासँग पनि समन्वय गर्न आग्रह गरिन् । प्रमुख लामाले आफू सँधै खेलाडीको साथमा रहेको बताउँदै आगामी दिनमा खेलाडीलाई सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरिन् । हेटौंडा-१८ निवासी खतिवडा मकवानपुर क्योकुशिन कराते संघ बालकुमारी आईकेओ युनियनका खेलाडी हुन् । उनी निजी खर्चमा प्रतियोगितामा सहभागी हुन गएका थिए ।

मकवापनुर क्योकुशिन कराते संघका अध्यक्ष बुद्धिनाथ न्यौपानेको सभाध्यक्षतामा भएको कार्यक्रममा संघका केन्द्रीय उपाध्यक्ष एवम् प्रमुख प्रशिक्षक विष्णु श्रेष्ठ, क्योकुशिन कराते खेलाडी एवम् जिल्ला खेलकुद विकास समितिका पूर्वअध्यक्ष सानु लामा, मकवानपुर क्योकुशिन करातेका प्रथम ब्ल्याक बेल्ट एवम् निर्माण व्यवसायी शिवनारायण श्रेष्ठ लगायतको उपस्थिति रहेको थियो ।

# द्रुतमार्ग आयोजना लक्षित समयमा सम्पन्न गर्न रक्षामन्त्री राईको निर्देशन

साझाकुरा संवाददाता

हेटौंडा, ४ भदौ/रक्षामन्त्री मानवीर राईले काठमाडौं-तराई-मधेश द्रुतमार्ग आयोजनाको काम लक्षित समयावधिमा सक्न सम्बन्धित सबैलाई निर्देशन दिएका छन् ।



रक्षा मन्त्रालयको गत आर्थिक वर्षको प्रगति समिक्षा तथा मन्त्रालयस्तरीय समस्या समाधान समितिको बैठकमा मन्त्री राईले आयोजनालाई समयमै सम्पन्न गर्न सम्बन्धित सबैलाई निर्देशन दिएका हुन् । उनले आर्थिक वर्ष २०८१/८२ मा द्रुतमार्गको प्रगति अघिल्लो वर्षको लक्ष्यको तुलनामा ६७ प्रतिशतले वृद्धि भएको उल्लख गरे । मन्त्री राईका अनुसार गत आर्थिक वर्षको अन्त्य सम्ममा आयोजनाको समष्टिगत प्रगति ४२.१३ प्रतिशत रहेको छ । काठमाडौं-तराई-मधेश द्रुतमार्ग निर्माणका लागि २०८३ साल चैत्र मसान्तसम्मको समयावधी तोकिएको छ । मन्त्री राईले रक्षा मन्त्रालयमार्फत् नेपाली सेनाले गरिरहेका निर्माण कार्यको प्रगति सन्तोषजनक रहेको दाबी गरे ।

'आर्थिक वर्ष २०८१/८२ मा काठमाडौं-तराई-मधेश द्रुतमार्ग आयोजनाको प्रगति अघिल्लो वर्षको लक्ष्यको तुलनामा ६७ प्रतिशत हासिल भई गत असारसम्मको समष्टिगत प्रगति ४२.१३ प्रतिशत हासिल भएको देखिन्छ । यसबाट द्रुतमार्गको निर्माणकार्यलाई लक्षित समयअवधिमा अर्थात २०८३ चैत्र मसान्तसम्ममा सम्पन्न गर्न चालु आर्थिक वर्षमा थप मेहेनत गर्नुपर्ने छ' उनले भने, 'यसप्रति सम्बन्धित आयोजनाप्रमुख, कार्यक्रम सञ्चालक, सञ्चालन गर्ने निकायका प्रमुखहरु तथा अन्य समन्वयकारी निकायको गम्भीर ध्यानाकर्षण गर्न चाहन्छु । यस मन्त्रालयअन्तर्गत नेपाली सेनामार्फत् निर्माण भइरहेको विभिन्न सडक, करिडोरको प्रगति राम्रो देखिएको छ । यसमा खट्ने सबैलाई धन्यावाद व्यक्त गर्दछु ।' मन्त्री राईले कतिपय निर्माण आयोजनामा विनियोजित बजेटको सीमिततताले नेपाली सेनालाई आयोजना सम्पन्न गर्न लामो समय लाग्ने देखिएको बताए । सेनाद्वारा सञ्चालित अन्य विकास निर्माणका कार्यमा लक्ष्यअनुसार प्रगति देखिएको उनले बताए ।

# तीज विशेष कार्यक्रमसँगै सहकारी शिक्षा




साझाकुरा संवाददाता

हेटौंडा, ४ भदौ/हेटौंडा उपमहानगरपालिका-६ स्थित चौघडा बचत तथा ऋण सहकारी संस्थाले तीज विशेष शुभकामना आदानप्रदान तथा सहकारी शिक्षा कार्यक्रम आयोजना गरेको छ ।

हेटौंडा-६ स्थित मुख्य कार्यालयमा बुधबार आयोजित कार्यक्रममा वडासदस्य मुना विश्वकर्माको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा सहकारी क्षेत्रको अवधारणा र वित्तीय पारदर्शिता लगायतका विषयमा जानकारी दिइएको थियो । चौघडा सहकारी संस्थाले आर्थिक सशक्तिकरणका साथै विभिन्न सामाजिक कार्य गर्दै आएको संस्थाका अध्यक्ष विजय श्रेष्ठले जानकारी दिएका छन् ।

कार्यक्रममा सहकारीमा आबद्ध महिला उद्यमीले उत्पादन गरेका सामग्रीको ४ वटा स्टल राखिएको थियो । धुप, अचार, हातेझोला, र बरब्यान्ड लगायतको स्टल राखिएको थियो । कार्यक्रममा सहभागी महिला शेयर सदस्यले दरखाने कार्यक्रमका साथै सांस्कृतिक प्रस्तुति दिएका थिए । चौघडा बचत तथा ऋण सहकारी संस्थामा १ हजार ३ सय ५९ महिलासहित कुल २ हजार ९ सय २४ शेयर सदस्य रहेका छन् ।

# सुमनसिंह चेपाङको परिवारलाई खाद्यान्न सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, ४ भदौ/मकवानपुरको राक्सिराङ गाउँपालिका-१ स्थित दुर्गम गाउँ इन्चुङका २६ वर्षीय सुमनसिंह चेपाङको परिवारलाई खाद्यान्न सहयोग गरिएको छ ।



खोरियाखेतीमा आश्रित रही छाप्रो हालेर नाजुक जीवन बिताइरहेका सुमन, उनकी श्रीमती र एक महिने शिशुसहितलाई राक्सिराङ गाउँपालिका-५ स्थित कार्यालयबाट खाद्यान्न सहयोग गरिएको राक्सिराङ गाउँपालिकाले जनाएको छ । नाजुक आर्थिक अवस्थामा गुज्रिरहेको परिवारलाई खाद्यान्न नै पहिलो आवश्यकता रहेकाले तत्कालका लागि एक बोरा चामल, नुन, तेल लगायत सामग्रीको व्यवस्था गरिएको गाउँपालिका अध्यक्ष राजकुमार मल्लले बताए । 'कमजोर आर्थिक अवस्था रहेको परिवारलाई मैले पहिला पनि भेटेको थिएँ', अध्यक्ष मल्लले भने, 'यो आर्थिक वर्षमा घर पनि बनाउने योजना छ, अहिलेलाई खाद्यान्न हस्तान्तरण गरेका छौं ।'

गत साउन ५ गते जन्मेको नवजातशिशुको स्याहार र छाप्रोमा बसेर जीवनयापन गर्नका लागि समस्या भइरहेपछि परिवारै गाउँपालिकामा सहयोगका लागि आएका थिए । नाजुक आर्थिक अवस्था भएर जीवनयापनमा समस्या भएका परिवारलाई गाउँपालिकाले बेलाबेलामा सहयोग गर्ने गरेको कार्यपालिका सदस्य एवम् ५ नं वडाध्यक्ष हरि बहादुर प्रजाले बताए । जनता आवास कार्यक्रममार्फत लामो समयदेखि घर निर्माण गरेर जनतालाई हस्तान्तरण गर्ने गरेको भएपनि पहुँचविहीन चेपाङ परिवार वञ्चित हुने गरेको घटना सार्वजनिक हुने गरेको छ । मकवानपुरसहित चितवन, धादिङ, गोरखा र तनहुँका जंगल छेउका बस्तीमा बसोबास गर्ने चेपाङको जनसंख्या झण्डै १ लाख छ ।

# मोवाइलको दसैं तिहार बम्पर योजना सुरु

साझाकुरा संवाददाता

हेटौंडा, ४ भदौ/हेटौंडामा मोवाइल खरिद तथा मर्मतका दशैं तिहार बम्पर योजना सुरु भएको छ । मोवाइल एशोसिएसन अफ नेपाल (म्यान) मकवानपुरले बुधबार बम्पर उपहार योजना कार्यक्रम उद्घाटन गर्दै ५ गते विहीबारबाट लागू हुनेगरी योजना सुरु भएको जनाएको हो ।



म्यान मकवानपुरका अध्यक्ष हरिप्रसाद न्यौपानेको अध्यक्षता तथा मोवाइल व्यवसायी महासंघ बागमती प्रदेशका अध्यक्ष एसीस रिजालको प्रमुख आतिथ्यतामा बम्पर योजनाको उद्घाटन गरिएको हो । दशैं, तिहार, छठपर्वको अवसरमा चाडपर्व लक्षित मकवानपुरका दुई सय भन्दा धैरै व्यवसायीबाट एकै किसिमको उपहार प्रदान गर्ने उद्देश्यले संस्थागतरुपमा उपहार योजना ल्याएको अध्यक्ष न्यौपानेले बताए । बम्पर योजनामा २० हजार कुपन मकवानपुरका मोवाइल पसलमा एक हजार भन्दा बढीको सामान खरिदमा ग्राहकलाई उपलब्ध गराइने योजना रहेको कार्यक्रमका संयोजक एवम् म्यान मकवानपुरका वरिष्ठ उपाध्यक्ष राजकुमार दाहालले बताए ।

दाहालका अनुसार बम्पर उपहारमा एक जनालाई टिभिएसको स्कुटर, स्क्रयाच कुपनमार्फत चार सयजनालाई इयरवर्डस, ५ हजार जनालाई माई पावर कम्पनीको इयर फोन तथा लक्की ड्र मार्फत २ जनालाई १८० लिटरको फ्रीज, ३ जनालाई ३२ ईन्चको स्मार्ट टेलिभिजन प्रदान गरिने संयोजक दाहालले बताए । 'उपहार योजना विहीबारदेखि पुस ५ गतेसम्म लागू रहनेछ,' उनले भने । पुरस्कार वितरण पुस १७ गते बृहत सांगीतिक कार्यक्रम गरी प्रदान गरिने छ । कार्यक्रमको मुख्य प्रायोजक साओमी ब्राण्ड रहेको छ । साओमीसँगै विभिन्न मोवाइल ब्राण्ड र हेटौंडाका मोवाइल व्यवसायीको सहयोग रहने दाहालले बताए ।

यो योजना मकवानपुरको हेटौंडासँगै मनहरी, थाहानगर, पूर्वीक्षेत्रका मोवाइल व्यवसायमा लागू हुने अध्यक्ष न्यौपानेले बताए । कोष खडागर्ने हेतुले सुरु भएको बम्पर उपहार योजना गतवर्ष पनि सञ्चालन भएको थियो ।

कार्यक्रममा म्यान मकवानपुरका निवर्तमान अध्यक्ष नवराज चौलागाई, नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी, म्यान मनहरी क्षेत्र अध्यक्ष हीमशिखर ब्लोन, म्यानका पूर्वअध्यक्ष दिनेश लामा, महासंघ प्रदेश महासचिव विज्ञान घिमिरे, म्यानका सल्लाहकार कुमारमणि त्रिपाठीलगायतको आतिथ्यता रहेको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३

## शिक्षक आवश्यकता

*सूचना प्रकाशन मिति २०८२/०५/०४*

उपरोक्त सम्बन्धमा शिक्षा विकास महाशाखा हेटौंडा उपमहानगर पालिकाको मिति २०८२/०५/०४ को प्राप्त पदपूर्ति अनुमति पत्र र विद्यालय व्यवस्थापन समितिको मिति २०८२/०५/०४ को बैठकको निर्णय अनुसार यस विद्यालयलाई तपसिल बमोजिमको शिक्षक आवश्यक परेकोले उक्त पदपूर्तिको लागि शिक्षक सेवा आयोगको सम्बन्धीत तहको पछिल्लो करार सुचिमा रहेका हरुका लागीमात्र यो सात दिने विज्ञापन प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.स. | विज्ञापन नं. | तह/पद | प्रकार | संख्या | अध्ययन विषय |
|---|---|---|---|---|---|
| १. | ००१/०८२/०८३ | प्रा.वि. | करार | १ | सबै |

उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
शैक्षिक योग्यता: सम्बन्धित विषयमा प्रविणता प्रमाण-पत्र तह वा सो सरह उत्तीर्ण ।
परीक्षाको किसिम: लिखित, अन्तरवार्ता (संसोधित नयाँ पाठ्यक्रम अनुसार)
तलब भत्ता: नेपाल सरकारको नियम अनुसार
दरखास्त दस्तुर: नगद रु १,५००।- (एक हजार पाँच सय मात्र) निवेदन साथ
दरखास्त दिने अन्तिम दिन : २०८२/०५/११ गते विद्यालय समयभित्र
दरखास्त दिने स्थान : विद्यालयको प्रशासनिक कक्ष
सम्पर्क मिति : २०८२/०५/११ गते अपरान्ह ४:०० बजे पछि
परीक्षा मिति : सम्पर्क मितिमा जानकारी गराईने छ

आवश्यक कागजातहरु :
क) नेपाली/अंग्रेजी माध्यममा हस्त लिखित निवेदन-१ थान
ख) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि-२ थान
ग) SLC/SEE देखि माथिका शैक्षिक योग्यता र चारित्रिक प्रमाण पत्रहरुको प्रतिलिपि २/२ थान घ) निम्नमाध्यमिक तहको अध्यापन अनुमति पत्रको प्रतिलिपि-२ थान

**नोट:-** क. शिक्षक सेवा आयोगबाट लिएको पछिल्लो परीक्षाको करार सूचीमा भएका उमेदवारहरुले मात्र विज्ञापन भएको मितिले ७ दिन भित्रमा निवेदन दर्ता गर्नुपर्नेछ ।
ख. माथिल्लो योग्यता भएको, ICT मा दक्ष भएको एवं अनुभवि व्यक्तिलाई विशेष ग्राह्यता दिईने छ ।

**श्री बाल उज्जवल माध्यमिक विद्यालय**
हे.उ.म.न.पा.-३, लेवट, मकवानपुर
सम्पर्क नं.:९८५५०७०९४४ प्र.अ., ९८५५०७४३१५ अध्यक्ष, ९८४५२९४७५२ वडा प्रतिनिधि, ९८४५१६७७४४ म.सदस्य, ९८४५२६९८८८ वडा अध्यक्ष, ९८४५२९८४०० स.प्र.अ., ९८४५९२७२७४ स.प्र.अ.

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना